का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ असोज २०८२

आइतबार

28 September 2025

Sunday

नेपाल संवत् ११४५

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न







# गुन्डुबाटै ओलीको 'वार्मअप'

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ११ असोज

पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पार्टीका पोलिटब्युरो सदस्य महेश बस्नेतको छत्रछायामा भक्तपुर स्थित गुन्डुमा बस्दै आएका छन् । गत २३ र २४ को जेनजी आन्दोलन सिंसात्मक बनेपछि सत्ता छाडेर भागेका ओली १० दिनसम्म नेपाली सेनाको सुरक्षा घेरामा शिवपुरीमा बसेर बाहिरिएका थिए ।

असोज २ गते सेनाको सुरक्षा घेराबाट निस्किएर सुटुक्क गुन्डु पुगेका अध्यक्ष ओलीलाई सयौं नेता कार्यकर्ताले घेरे पनि उनको मुहारमा चमक थिएन । आन्दोलनकारीले ओलीको घर जलाएर खरानी बनाएकाले नेता महेश बस्नेतको विशेष योजनामा उनलाई गुण्डुस्थित व्यक्तिको घरमा बासको व्यवस्था गरिएको छ । घरविहीन भएपछि डेरा सरेका ओलीले निवासबाटै राजनीतिक 'वामअप' थालेका हुन् ।

तर उनको अनुहारमा अझै चमक देखिएको छैन । मलीन अनुहारमा देखिएका ओलीलाई महेश बस्नेतसहित युवासंघमा आबद्ध युवाले भव्य स्वागत गरे । उनले आइतबार पार्टीको सचिवालय बैठकसमेत गुन्डुमै बोलाएका छन् । मुलुकको पछिल्लो परिस्थितिलाई सामान्यीकरण गर्दै विस्तारै पार्टीका गतिविधि गर्ने योजनामा रहेका ओलीले आइतबार पार्टीको सचिवालय बैठक बोलाएको नेताहरूले बताएका छन् । घटना भएको तीन साता बितिसक्दा समेत पार्टीको औपचारिक छलफल गर्न नसकेको एमाले आइतबार ओली निवासमै बैठक बस्ने तयारी भएको एमाले महासचिव शंकर पोखरेलले जानकारी दिए ।

'मुलुकको पछिल्लो परिस्थिति र पार्टीको आगामी योजनाका सन्दर्भमा सचिवालय बैठकमा छलफल हुन्छ । पछिल्लो राजनीतिक घटनाक्रम र राजनीतिका नाममा गरिएका आपराधिक गतिविधिलाई एमालेले गम्भीर रूपमा लिएरको छ,' पोखरेलले मध्यान्हसँग भने । ओली संविधान दिवस (३ असोज)कै दिन सार्वजनिक हुने र पार्टी निकटका युवाहरूले खुसियाली मनाउँदै ओलीलाई स्वागत गर्न सडकमा निस्कने योजनामा रहे पनि त्यो दिन उनी सार्वजनिक हुन सक्ने वातावरण बनेन । एमालेसहित राजनीतिक दलहरूलाई युवाहरूको आन्दोलनले पार्टी पुनर्संरचना गरेर नयाँ नेतृत्व खोजीको सन्देश दिए पनि युवासंघले अध्यक्ष ओलीलाई राजनेताकै उपमा दिएर स्वागत सत्कार गरिरहेका छन् ।

पार्टी बैठक राखेर थप सक्रिय हुने तयारी गरेका ओलीलाई पार्टीकै एकाथरी नेताहरूले स्वीकार गरेका छैनन् । पार्टी नेतृत्व हस्तान्तरण गरेर एमालेलाई पुनर्संरचित गर्नुपर्ने एमाले सचिव योग भट्टराईले बताए । एमाले र कम्युनिस्ट आन्दोलनलाई नयाँ चेतनाले पुनर्गठन गर्नेबेला आएको भन्दै नेतृत्वको सम्मानसहित पुनर्गठनको प्रस्ताव अघि सारेको उनको भनाइ छ । 'पुनर्गठनको अर्थ अहिलेको नेतृत्वको अपमान वा प्रहारको रूपमा कतैबाट पनि व्याख्या गर्न खोजिएको होइन । कमरेडहरू, यो आन्दोलनको वैभव, संगठनको साम्राज्य र अजेय विचार रह्यो भने न उहाँहरूको सम्मान रहन्छ । इतिहास रहन्छ ।'

पृष्ठ २ मा



मुलुकको पछिल्लो परिस्थिति र पार्टीको आगामी योजनाबारे सचिवालय बैठकमा छलफल हुन्छ । राजनीतिका नाममा गरिएको पछिल्लो आपराधिक गतिविधिलाई एमालेले गम्भीर रूपमा लिएको छ ।

**■ शंकर पोखरेल**
**महासचिव**



एमाले र कम्युनिस्ट आन्दोलनलाई नयाँ चेतनाले पुनर्गठन गर्नेबेला आएको छ । यसको अर्थ नेतृत्वको अपमान वा प्रहारको रूपमा व्याख्या गर्न खोजिएको होइन ।

**■ योगेश भट्टराई**
**सचिव**

# मधेशमा हिउँदमा प्यास, बर्खामा डुबान

एकातिर गर्मीमा पानीको चरम अभाव छ । अर्कोतिर वर्षामा बाढी र डुबानको कहर छ । यस वर्ष पनि वर्षायाम सुरु भएसँगै तराई-मधेशका जिल्लाहरूमा डुबानको त्रासमा छन् ।



चुरे संरक्षणका लागि तत्काल प्रभावकारी कार्यक्रम लागू गरी पानीको प्राकृतिक पुनर्भरण क्षमतालाई पुनर्स्थापित गर्न कडा कदम चाल्नुपर्दछ ।

**जीवछ साह**
**कार्यवाहक अध्यक्ष**
**मधेशी आयोग**

**दिवाकर अधिकारी/ मध्यान्ह**
काठमाडौं, ५ असोज

तराई-मधेशका जिल्लामा हिउँदमा खानेपानीको चरम अभाव र बर्खामा बाढी र डुबान समस्या छ । समयमै खानेपानीलगायत समस्या समाधान गर्न नसके स्थिति भयावह हुने मधेशी आयोगका प्रतिवेदनले औंल्याएको छ । आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनमा सो समस्या औंल्याइएको हो ।

तराई-मधेशका जिल्लामा गर्मीमा पानीको चरम अभाव अनि वर्षामा बाढी र डुबान समस्या हरेक वर्ष बढ्दै गएको छ । प्रतिवेदनअनुसार खानेपानी समस्याको मूल कारण चुरे क्षेत्रको अनियन्त्रित दोहन र वन विनाशलाई देखाइएको छ । जसका कारण भूमिगत पानीको सतह निरन्तर घट्दै गएको छ ।

'चुरे संरक्षणका लागि तत्काल प्रभावकारी कार्यक्रम लागू गरी पानीको प्राकृतिक पुनर्भरण क्षमतालाई पुनर्स्थापित गर्न कडा कदम चाल्नुपर्दछ' प्रतिवेदनमा भनिएको छ । आयोगमा हाल कार्यवाहक अध्यक्ष जीव छ साह छन् ।

पृष्ठ २ मा



# सुरक्षा चुनौती कायमै

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ११ असोज

गत भदौ २३ र २४ मा जेनजीले गरेको आन्दोलनबाट उत्पन्न परिस्थितिपछि राजनीतिक नेतृत्व विहीन बनेको देशको अवस्था विस्तारै नियमित प्रक्रियामा आए पनि सुरक्षा संवेदनशीलताका हिसाबले अझै चुनौती कायमै छ । आन्दोलनको उपलब्धि खोसिने भन्दै दसैं/तिहारपछि विभिन्न समूहले फेरि आन्दोलन गर्ने घोषणा नै गरिसकेका छन् ।

आन्दोलनको मौका छोपेर विभिन्न समूहले आफ्नो स्वार्थपूर्ति गर्ने योजना बनाइरहँदा नेपालको सुरक्षा संयन्त्र त्यत्तिकै चनाखो भएर व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने विश्लेषक बताउँछन् । युवाहरूको पछिल्लो आन्दोलनको रापले भागाभाग भएका राजनीतिक दल चुनावमा जाने बताए पनि सरकार र दलबीचको तादम्यता मिल्न नसक्ने परिस्थितिलाई समेत सुरक्षा अंगहरूले विश्लेषण गरेर आगामी योजना बनाउने तयारीमा रहेका नेपाल प्रहरीले जनाएको छ ।

चुनाव नहुन सक्ने अवस्थालाई समेत सुरक्षा विश्लेषणमा राखिएको छ भने दसैं/तिहारपछि विभिन्न समूहले फेरि आन्दोलन गर्ने घोषणा नै गरिसकेको विषयलाई असुरक्षाका रूपमा हेरिएको नेपाल प्रहरीका प्रवक्ता विनोद घिमिरेले बताए । चुनाव हुँदा र नहुँदाका सुरक्षा चुनौतीको विश्लेषण गर्दै गर्नुपर्ने तयारीबारे सबै सुरक्षा निकायबीच समन्वयत्मक बैठक हुनुपर्ने विज्ञको भनाइ छ । यसै सन्दर्भमा सेनाको मुख्यालय जंगी अड्डा, भद्रकालीमा बिहीबार र शुक्रबार पृतनापतिस्तरीय समन्वयात्मक बैठक भएको थियो ।

नेपाली सेनाको नजरमा समेत देशमा सुरक्षा चुनौती अझै कायमै रहेको छ । सो बैठकमा सेनाका विभाग, महानिर्देशनालय, निर्देशनालयका प्रमुखबीच मुलुकको पछिल्लो अवस्थाबारे व्यापक छलफल भयो । हिंसात्मक बनेको जेनजीको आन्दोलन र त्यसपछि उत्पन्न परिस्थितिबारे गहन छलफल भएको छलफलमा सहभागी नेपाली सेनाका पूर्वी पृतनाका प्रमुख गौरवकुमार केसीले बताए । बैठकामा केसीसहित मध्य

पृष्ठ २ मा






**वैदेशिक रोजगार विशेष**

# ड्युटी, पढाइ र सम्झनाबीच परदेशीको दशैं

**रेशम अधिकारी/मध्यान्ह**
युएई, ११ असोज

देशमा दशैं सुरु हुनेबित्तिकै गाउँघर रमाइलोको महोलमा डुब्छ । पिङमा हुइँकिएका युवादेखि मन्दिरको घन्टी, घरमा राखिएको जमरा र परिवारभित्रको मिलन सबैले दशैंलाई विशेष बनाउँछ । तर हजारौं किलोमिटर टाढा परदेशिएका नेपालीहरूका लागि भने यो चाड भनेजस्तो नहोला । कसैलाई ड्युटीले बाँध्छ, कसैलाई पढाइले, त कसैलाई जीवनको व्यस्ततालाई प्राथमिकता दिनुपर्ने बाध्यता हुन्छ ।

क्रोएसियादेखि युएई, माल्दिभ्स, अस्ट्रेलिया, बेलायतसम्म रहेका नेपालीहरू आफ्नो पहिलो परदेशी दशैं घरको सम्झनामा मनाउँदैछन् ।

### बुबालाई सम्झँदै खेलराज

नवलपरासीका खेलराज कार्की हाल क्रोएसियामा छन् । तीन महिनाअघि मात्र कामको सिलसिलामा त्यहाँ पुगेका उनी पहिलोपटक दशैं घरभन्दा टाढा मनाउँदैछन् । उनले चलचित्र मुगलानको संवाद- 'बस्नुस है बा, तपाईं सधैं बिरामी परिरहनुहुन्छ, आफ्नो ज्यानको ख्याल राख्नु है, म गएँ' भन्दै बुबालाई सम्झाएका थिए ।

'कामको चापका कारण लामो बिदा सम्भव छैन,' उनी भन्छन्, 'तर टीकाको दिन चाहिँ सहकर्मी दाइहरूसँग मिलेर नेपाली शैलीमै रमाइलो गर्ने तयारी छ ।'

### पुनमको पहिलो परदेशी आँसु

६ महिनाअघि माल्दिभ्स पुगेकी पुनम ढुंगानाको मन दशैं नजिकिँदै जाँदा घरतिरै केन्द्रित छ । 'दशैंको दिन फुल ड्युटी छ, कसरी मनाउने भन्ने कुनै योजना छैन,' उनी भन्छिन्, 'पहिलो दशैं त सायद रुँदै बित्छ जस्तो लाग्छ ।' व्यस्त कामकाजबीच पनि गाउँघरको माहोल सम्झिँदा उनलाई खल्लो लाग्ने गरेको छ ।

पृष्ठ २ मा

## मलेसियाको विमानस्थलमा नेपाली असुरक्षित

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ११ असोज

गैरआवासीय नेपाली संघ क्षेत्रीय समिति जोहोरले मलेसियाको अन्तर्राष्ट्रिय विमानस्थल (केयलआइए)मा नेपाली श्रमिकहरूमाथि डर धाकधम्की तथा लुटपाट हुने गरेको बताएको छ ।

गैरआवासीय नेपाली संघ क्षेत्रीय समिति जोहोरले एक विज्ञप्तिमार्फत क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलको पाचौं तला र बस स्टेसनको लिफ्टभित्र हरेक दिन नेपालीहरूलाई घर फर्कँदा डर, त्रास देखाउने पिटेर लुटिएको र डकैती शैलीमा चोरी हुने गरेको बताएको छ ।

विमानस्थलमा यात्रा गर्दा असुरक्षित भएको सयौं गुनासोहरू आउने गरेको भन्दै क्षेत्रीय समिति

पृष्ठ २ मा

### गुन्डुबाटै...

गत साता आफ्नो अभिव्यक्ति सार्वजनिक गरेका ओलीले असोज ११ गते खुला कार्यक्रमलाई पहिलोपटक सम्बोधन गरे। दसैंको पूर्वसन्ध्यामा युवा संघ नेपालले शनिबार आयोजना गरेको अगुवा कार्यकर्ता भेटघाटको कार्यक्रमलाई सम्बोधन गर्दै उनले जेनजी आन्दोलनपछिको मुलुकको परिस्थितिलाई जेनजीका नाममा आतंकको संज्ञा दिएका छन्। जेनजी प्रदर्शनसँगै ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिएपछि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ। प्रदर्शन हिंसात्मक बनेपछि ओलीलाई बालुवाटारबाटै सेनाले हेलिकोप्टरबाट उद्धार गरेर शिवपुरीमा राखेको थियो।

आफू निकटका कार्यकर्ताको बलमा अहंकारयुक्त अभिव्यक्ति दिन थालेका ओली प्रवृत्तिप्रति आमनागरिक सन्तुष्ट नदेखिएको उनको अभिव्यक्तिपछि आएको सामाजिक सञ्जालका टिप्पणीहरूले समेत प्रस्ट्याएको छ। सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारप्रति कटाक्ष गर्दै उनले अहिलेको सरकार तोडफोड र आगजनीबाट बनेको असंवैधानिक सरकार भएको आरोप लगाए। 'जेनजी सरकार भनिने यो सरकार जो संवैधानिक बाटोबाट जनताको अभिमतबाट बनेको होइन। यो तोडफोड, आगजनीको माध्यमबाट बनेको हो,' उनले भनेका छन्। सरकारले शीर्ष नेताहरूको पासपोर्ट रोक्का गर्न लागिएको विषयमा पनि ओलीले सरकारको आलोचना गरे।

'पासपोर्ट रोक्ने, के ठानेको छ ? यहाँ उहाँहरूलाई यो हाहुको सरकारलाई देश जिम्मा लगाइदिएर हामी विदेश भाग्छौं ? के सोचेको ?,' उनले भने। सरकारले आफ्नो सुरक्षाको सुनिश्चित गर्न नसकेको भन्दै उनले सामाजिक सञ्जालमा आफ्नो घरको ठेगाना सार्वजनिक गरेर फेरि हमलाको आह्वान हुँदा सरकार हेरेर बसेको आरोप लगाएका छन्। अनलाइनबाट लोकेटेट गरेर आफ्नो घर घेर्ने प्रयास भएको दाबी गरे। सरकारले आफ्नो सरकारले गरेका सबै प्रस्ताव र निर्णय बाहिर ल्याउन वर्तमान सरकारलाई चुनौती दिएका छन्।

'यति मिनेटमा पैदल पुगिन्छ। यति मिनेटमा गाडीमा पुगिन्छ। सबै हमला गर्न जाऔं। घर तोकिएको छ। देखाइएको छ। घर तोकेर हमला गर्ने योजना बनाइरहँदा सरकार के हेरेर बसेको छ ? सरकारमा हुनेहरूले असुरक्षाको माध्यमबाट आतंक फिँजाएर सरकारमा पुग्ने अनि अरूलाई सुरक्षा दिन्न भन्ने ? मौसम सधैं एकैप्रकारको हुँदैन।' कार्की सरकारलाई पहिलोपटक धक्का दिनेगरी सार्वजनिक अभिव्यक्ति दिएका ओलीले संवैधानिक तरिकाले निकास निकाल्न राजनीतिक दलदेखि सबैलाई आह्वानसमेत गरेका छन्।

### मधेशमा...

उनका अनुसार खानेपानीको समस्या नयाँ होइन। तर समाधान हुन सकेको छैन।

चापाकलको पानीमा आर्सनिकलगायत हानिकारक तत्व देखापरेका छन्। त्यसैले नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउन डिप बोरिङमार्फत पानीलाई प्रशोधन गरी घरघरमा वितरण गर्ने योजना पनि छ। तराई-मधेश खानेपानी सुधार कार्यक्रम नाम दिइएको यस योजनालाई तीव्रता दिनुपर्ने आयोगको सिफारिस छ। वर्षातको पानीलाई वाटर रेन्ज सिस्टममार्फत जमिनमुनि पठाउनुपर्ने र संकलन तथा पुनर्भरण प्रणालीलाई हरेक घर र समुदायमा प्रोत्साहन गर्नुपर्ने आयोगले सरकारलाई सिफारिस गरेको छ।

'सरकारले तत्काल शुद्ध पानीको वैकल्पिक स्रोत पहिचान, वर्षाजल संकलन प्रणालीको प्रवर्धन तथा खानेपानी परियोजनामा दीर्घकालीन योजना बनाउनुपर्छ' आयोगको सुझाव छ। प्रतिवेदनको सिफारिस खण्डमा भनिएको छ, 'प्रदूषण नियन्त्रण र जलस्रोत संरक्षणमा स्थानीय तह, समुदाय र सम्बन्धित निकायबीच समन्वयात्मक कार्य संस्कृति विकास गरी दिगो समाधानतर्फ अग्रसर हुन जरुरी छ।' एकातिर गर्मीमा पानीको चरम अभाव छ। अर्कोतिर वर्षामा बाढी र डुबानको कहर छ। यस वर्ष पनि वर्षायाम सुरु भएसँगै तराई-मधेशका जिल्लाहरूमा डुबानको त्रासमा छन्।

यस्तो समस्या किन भयो त ? प्रतिवेदनमा भनिएको छ, 'नेपालको सीमा क्षेत्रमा बनाएका बाँध, तटबन्ध र सडकजस्ता संरचनाले पानीको प्राकृतिक बहाव रोकिँदा यो समस्या झन् विकराल बनेको छ।' यस समस्याको दीर्घकालीन समाधानका लागि छिमेकी मुलुकसँग कूटनीतिक पहल गरी समन्वयात्मक रूपमा काम गर्नुपर्ने आयोगको निष्कर्ष छ। चुरे क्षेत्रको अनियन्त्रित दोहनले पनि बाढी र भू-क्षयको जोखिम बढाए छ। यसका लागि संघ, प्रदेश र स्थानीय तहको सक्रिय हुनुपर्ने सरकारसमक्ष आयोगको सिफारिस छ।

यस्तो समस्याबारे छलफल हुन थालेको र मधेशका जनताले सरकारलाई झकझक्याउन थालेको समेत चार दशक बढी भइसकेको आयोगका अधिकारीहरू बताउँछन्। २०४० सालदेखि मधेशी जनताले यही माग सरकारसग निरन्तर राख्दै आएको तर समाधान हुन नसकेको उनीहरूको गुनासो छ।

### जेनजी...

पृतनाका हरेन्द्र पाठक, उपत्यका पृतनाका रवीन्द्र कार्की पश्चिम पृतनाका मधुकर सिंह कार्की, मध्य पश्चिम पृतनाका प्रेम पुन, उत्तर पश्चिम पृतनाका दिपेशजंग शाह र सुदूरपश्चिम पृतनाका किरण केसी सहभागी थिए। 'नेपाली सेना सदैव राष्ट्रियता र नागरिक सुरक्षाका पक्षमा रहँदै आएको छ। सेनाले नागरिक सुरक्षालाई प्राथमिकता दिँदा कतिपय भौतिक संरचना जोगाउन नसकेको विषयमा समेत बैठकमा छलफल भएको बताइएको छ।

आन्दोलन क्रममा गोली लागेर देशभरका ७५ जनाको युवाको ज्यान गएको थियो भने खर्बौंका सार्वजनिक र व्यक्तिगत सम्पत्ति क्षति भएको थियो। आन्दोलनकै बलमा सत्ता उलटफेर भएको र त्यसपछिको जेनजीका प्रतिनिधिसहितको छलफलबाट अन्तरिम सरकार बने पनि शान्ति सुरक्षाका हिसाबले चुनौती कायमै रहेको विश्लेषण सुरक्षा अंगहरूकै छ । सैनिक प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले सैनिक मुख्यालयमा देशको पछिल्लो परिस्थिति र आगामी योजनाबारे बैठकमा छलफल भएको बताए। उनले भने, ' अहिलेको समसामयिक विषयमा छलफल भए, आफ्नो क्षेत्रबारे पृतनापतिहरूले बिफ्रिङ गर्नुभयो। सम्भावित सुरक्षा चुनौती र आगामी सम्पादन गर्नुपर्ने कामबारेसमेत समीक्षा गर्दै सुझाव आदानप्रदान भएका छन्।'

जेनजी आन्दोलनले उठाएका माग सम्बन्धमा वर्तमान सरकारले काम गर्न नसक्ने र ती आन्दोलनकारी अन्तरिम सरकारकैविरुद्धमा लाग्न सक्ने सम्भावनालाई सुरक्षा अंगका अधिकारीहरूले आँकलन गरेका छन्। यस विषयम प्रधानसेनापति अशोकराज सिग्देलले पूर्वप्रधानसेनापतिसँग समेत छलफल गरेका छन्। छलफलमा प्रज्वलशमशेर राणा, प्यारजंग थापा, गौरवशमशेर राणा, पूर्णचन्द्र थापा र प्रभुराम शर्मा थिए। उनीहरूसँग समेत वर्तमान राजनीतिमा विकसित घटनाक्रम र भावी सुरक्षा चुनौतीबारे छलफल भएको बताइएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्याधीश सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार गठन गरेका थिए। संसद् विघटन भएर फागुन २१ का लागि चुनावको मिति तोकिसकेकाले सबै राजनीतिक दलहरूको भूमिका कस्तो रहन्छ भन्ने विषयलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

### ड्युटी...

**प्रकाशको बदलिएको दृष्टिकोण**

देवदहका प्रकाश भण्डारी हाल बेलायतमा छन्। ९ महिना भयो उनले पढाइसँगै काम सुरु गरेको। 'विदेश जाने सपना नदेखेको मान्छे म, आज परदेशमा छु,' उनी भन्छन्, ' पहिले दशैं आउँदा मन फुरुङ्ग हुन्थ्यो, अहिले भने दशैंमा परिवारलाई खर्च पठाउने जिम्मेवारी बढेको छ।'

बेलायतमा उनी नेपाली साथीहरूसँग मिलेर दशैंका गीत सुन्ने, नेपाली परिकार पकाउने र भिडियो कलमार्फत परिवारसँग टीका ग्रहण गर्ने तयारीमा छन्।

**अस्ट्रेलियामा सम्झनाको भार**

सम्झना बस्याल अस्ट्रेलिया पुगेको तीन महिना मात्रै भएको छ। अझै त्यहाँको माहोलमा घुलमिल हुन नसकेकी उनी भन्छिन्, 'यहाँ धेरै नेपाली परिवार छन्, कतिले आमा-बुबा पनि ल्याउनुभएको छ। बाटोमा नेपाली पोसाकमा सजिएका परिवार देख्दा आफ्नै घरको सम्झना आउँछ।'

साथै उनी थप्छिन्, 'मेरो श्रीमान् एक्लो छोरा हुनुहुन्छ, सासु-ससुरालाई एक्लै छोडेर आउँदा अझै मन भारी हुन्छ।' दशैंमा उनले जमरा रोप्ने, पूजाको सामान तयारी गर्ने र श्रीमान्सँगै मिलेर घरको वातावरण बनाउन खोजेकी छन्।

**दुबईमा तुसारको अनुभव**

काठमाडौंका तुसार तुलाधर दुबई आएको १० महिना पुगेको छ। 'पोहोर त घरमै चाडपर्व मनाएँ, त्यसैले केही कमी महसुस भएन,' उनी भन्छन्, 'तर यसपटक विदेशमा पहिलो दशैं भएकाले गाउँघरको सम्झना झन् चर्को भइरहेको छ।'

दुबईमा रहेका नेपालीहरूले मिलेर सांस्कृतिक कार्यक्रम, सामूहिक टीका र रमाइलो गर्ने तयारी गरिरहेका छन्। तर तुसारलाई लाग्छ, 'देशमा अवसर र परिवर्तन भए हामी जस्ता युवाहरूलाई परदेशिनुपर्दैनथ्यो।'

देश-परदेशको हजारौं किलोमिटरको दूरीले नेपालीहरूलाई परिवारदेखि टाढा राखे पनि संस्कार, परम्परा र दशैंप्रतिको माया भने कहिल्यै मेटिँदैन। बरु यही दूरीले उनीहरूलाई अझै आफ्नो संस्कृति जोगाउन, परदेशमै आफ्नो पहिचान जगेर्ना गर्न र सम्झनालाई जीवन्त राख्न प्रेरित गरिरहेको छ।

### मलेसियाको...

जोहोरले मलेसियामा नेपालीको अभिभावकका रूपमा रहेको नेपाली दूतावासले यथाशीघ्र ध्यान दिएर घर फर्किने कामदारको यात्रालाई सुरक्षित बनाउनुपर्ने माग गरेको छ।

विगतमा पनि यस्ता घटनाहरू हुने गरेको भन्दै समितिले विगतमा नेपाली दूतावासकै सक्रिय पहलबाट केही हदसम्म असुरक्षा कम गर्न सफल भएको, तर अहिले विमानस्थल आसपास असुरक्षा बढेको बताएको छ।

समितिले घर फर्कँदा विमान कम्पनीको नियमअनुसार आवश्यक समग्रीहरू मात्रै लगेज रफब्यागमा राख्ने, आफ्नो व्यक्तिगत मोबाइलमा अनावश्यक अश्लिल तस्बिर वा भिडियो र अनलाइन गेमहरू भएमा डिलिट गरेर जानुपर्ने र घर फर्किँदा जाने बुझेका साथीहरू वा आफ्नै कम्पनीको एचआर टिमसँग परामर्श लिएर यात्रा गर्न आग्रह गरेको छ।

समितिले नेपालीलाई लुट्ने काममा क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलकै कतिपय कर्मचारी र केही स्थानीय व्यक्तिहरूको मिलेमतो रहने गरेको पनि बताएको छ। विमानस्थलमा लगेज फुटाएर महत्वपूर्ण सामानहरू चोरी गर्ने गरिएको पनि समितिको भनाइ छ।

**Invitation for Bids**

**Government of Nepal (GoN)**

**Hima Rural Municipality**

**Jumla**

**Invitation for Bids No: HRM/NCB/W/2082/83/01**

**Date of publication: 28-09-2025**

1. Hima Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Bhairab Aa.Bi. Jogibada 8 Kothe Pakki Bhawan Nirman Yojana under National Competitive Bidding procedures. The estimated amount for the works is NRs. 6274253.62 (Inclusive VAT).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Hima Rural Municipality, Jumla Karnali Province Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web-Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Investment Mega Bank
   Name of Office: Hima Rural Municipality
   Office Code no.: 80662507300
   Account no.: 07401400250030
   Rajaswa (revenue) Shirshak no.: 14229
4. Pre-bid meeting shall be held at Hima Rural Municipality Jumla Karnali Province Nepal at 16-10-2025 11:00 Hours.
5. Sealed or Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before on 29-10-2025 12:00 Hours, Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 29-10-2025 13:00 Hours, at the office of Hima Rural Municipality Jumla Karnali Province Nepal. Bids must be valid for a period of 90 Days after Bid Opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nprs. 150000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
   Bank Name: Nepal Investment Mega Bank Ltd.
   Account Name: Hima R.M Dharauti Khata.
   Account Number: 07401400250047.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

**Sudurpaschim Province Government**

**Ministry of Land Management Agriculture and Co operative**

**Directorate of Agriculture Development**

**Agriculture Knowledge Center**

**Dadeldhura**

**Invitation for bids**

**Date of Publication: (2082/06/12)**

1. Agriculture Knowledge Center, Dadeldhura invites electronic bids from Nepalese eligible bidders for the following mentioned works with given details and conditions under National Competitive Bidding procedures.
   A. Invitation for bid no : AKC/DDL/NCB/W/01/2082-083
   Name of work : Office building repairment and roof re-construction work
   Amount of bid security : 70,000 NRs.
   Estimated cost : 24,61,777 NRs.
   B. Invitation for bid no. : AKC/DDL/NCB/W/02/2082-083
   Name of work : Staff residence building maintenance and reformation
   Amount of bid security : 60,000 NRs.
   Estimated cost : 21,44,733 NRs.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of
   Name : Agriculture Knowledge Center, Dadeldhura
   Address : Amargadhi-5, Dadeldhura, Sudurpaschim Province, Nepal
   Mailing address : akcdadeldhura@gmail.com
   Telephone no : 9858777591
   or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Agriculture Knowledge Center, Dadeldhura, Amargadhi-5 by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3,000 NRs. till 2082/07/12 (2025/10/29) during office hours.
   Or
   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding
   **Document in Bank:**
   Name of the Bank : Rastriya Banijya Bank, Dadeldhura
   Name of Office : Agriculture Knowledge Center, Dadeldhura
   Office Code no. : 3120175027
   Account no. : 1000100200010000
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 2082/07/12 (2025/10/29). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 2082/07/12 (2025/10/29) at the office of Agriculture Knowledge Center, Dadeldhura, Amargadhi 5. Bids must be valid for a period of 90 days from the bid submission deadline with bid security valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Government of Nepal**

**Ministry of Health & Population**

**Gajendra Narayan Singh Hospital**

**Rajbiraj, Saptari**

**Invitation for Bids**

**Date of Publication : 2082/06/12 (28 September 2025)**

1. The Gajendra Narayan Singh Hospital, Rajbiraj, Saptari, Nepal invites electronic bids from eligible bidders for the procurement Supply, Delivery Medicine & Surgical Item as specified in Public Procurement Act and Regulation.

| S.N. | Contract Identification No. | Description of Items | Amount of Bid Security (NRs) |
|---|---|---|---|
| 1. | GNSH/SAPTARI/ GOODS/NCB-03/082/83 | Procurement of Drugs and Surgical Items | 22,50,000.00 |

2. Bidding documents and further information are available on online and can be downloaded from e-GP system : https://bolpatra.gov.np/egp.

# शिक्षकलाई तलब नियमित गर्न शिक्षामन्त्रीको निर्देशन



**काठमाडौं/मस**– सामुदायिक विद्यालयका कतिपय शिक्षकहरूले समयमा तलब नपाएको गुनासो बढेपछि शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले चासो दिएका छन् ।

मन्त्री पुनले केन्द्र सरकारले रकम निकासा गरिसके पनि शिक्षकहरूले दशैं नजिकिँदा तलब नपाएको भन्दै सम्बन्धित स्थानीय तह र विद्यालयका प्रधानाध्यापकलाई आइतबारसम्म तलब दिन ताकेता गरेका हुन् । उनले बिनाकारण तलब रोकेमा कारबाही गर्ने चेतावनीसमेत दिएका छन् ।

प्रचलित कानुनअनुसार स्थानीय तहले शिक्षक र विद्यालय कर्मचारीको तीन-तीन महिनाको तलब एकमुष्ट निकासा गर्ने व्यवस्था छ । तर कतिपय पालिकामा प्रमुख-उपप्रमुखबीचको विवाद, पालिका सभाबाट बजेट पारितमा ढिलाइ, प्रशासकीय अधिकृत नआउनु, कोष तथा लेखा नियन्त्रण कार्यालयको प्रक्रियागत समस्या र सर्भर डाउनजस्ता कारण तलब रोकिँदै आएको छ । शिक्षक संगठनहरूले मासिक रूपमा तलब दिनुपर्ने माग गर्दै आएका छन् । नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले मन्त्री पुनको ध्यानाकर्षणलाई सकारात्मक भनेका छन् भने नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष हंसबहादुर शाहीले अझै पनि धेरै पालिकामा समस्या कायमै रहेको बताएका छन् ।

# 'हामीले देशका लागि रगत बगाएका हौं, माग पूरा हुनुपर्छ'

**काठमाडौं/मस**–अन्तरिम सरकारका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले जेनजी आन्दोलनका घाइतेको स्वास्थ्य अवस्थाबारे जानकारी लिन ट्रमा सेन्टरमा पुगेर भेट गरेका छन् ।

शनिबार मन्त्री पुनले घाइतेहरूसँग भेट्दै स्वास्थ्य उपचार राम्रो भइरहेको र कसैले पनि उपचारबारे गुनासो नगरेको बताएका छन् । तर घाइतेहरूले आफूले देशका लागि रगत बगाएको स्मरण गराउँदै आन्दोलनका माग पूरा हुनुपर्नेमा चिन्ता व्यक्त गरेका छन् ।



मन्त्री पुनले घाइतेहरूको चिन्ता उद्धृत गर्दै भने, 'हामी देशका लागि लड्यौं, रगत बगायौं । हाम्रो माग पूरा हुनुपर्छ । स्वास्थ्य उपचार ठिकै छ, तर शरीरको चिन्ता भन्दा बढी माग पूरा हुन्छ कि हुँदैन, भविष्यमा के हुन्छ भन्ने कुरा उनीहरूको मुख्य चिन्ता हो ।'

उनले वर्तमानमा प्रत्यक्ष निर्वाचित कार्यकारी लागू हुने अवस्था स्पष्ट नभएको भन्दै राजनीतिक परिस्थितिको अनिश्चितताबारे जनाए । 'यो राजनीति हो । अहिले आन्दोलन भइरहेको छ । माग सबैलाई थाहा छ । अहिले गर्न सकिँदैन भन्नेकुरा आइरहेको छ । परिस्थिति कुन बेला के हुन्छ, त्यो थाहा छैन ।'

गत भदौ २३ र २४ गते भएको जेनजी पुस्ताको आन्दोलनमा ७४ जनाको मृत्यु भएको थियो भने सयौं घाइते भएका थिए । ट्रमा सेन्टरमा उपचाररत घाइतेमध्ये एक जना मात्र आइसियुमा रहेको र अन्यको अवस्था खतरामुक्त रहेको अस्पतालले जनाएको छ ।

# विश्व पर्यटन दिवस : नेपाल सुरक्षित एवं पर्यटकमैत्री गन्तव्य

**काठमाडौं/मस**- विश्व पर्यटन दिवसका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले शनिबार आयोजना गरेको कार्यक्रमका वक्ताले देशका पर्यटकीय गन्तव्य सुरक्षित एवं पर्यटकमैत्री छन् भन्ने सन्देश अन्तर्राष्ट्रिय जगत्मा प्रवाह गर्नुपर्नेमा जोड दिएका छन् ।

क्षेत्रलाई दिगो विकासको आधारस्तम्भ बनाउनुपर्नेमा जोड दिएका छन् ।

उनीहरुले नेपाल सुरक्षित, खुला र पर्यटनमैत्री गन्तव्य भएको बताए । नेपालको पर्यटन क्षेत्र पछिल्लो जेनजी आन्दोलनपछि सिर्जना भएको संकटपछिको रिकभरीको चरणमा पुगेको उनीहरुको भनाइ छ ।

उक्त मन्त्रालयका सचिव हरिप्रसाद मैनालीले निजी क्षेत्रको सहकार्य बिना पर्यटन विकास असम्भव भएको वास्तविकता प्रस्तुत गर्दै नीतिगत अड्चन फुकाउन आफू सकारात्मक रहेको बताए । सोही मन्त्रालयका सहसचिव इन्दु घिमिरेले मुलुकको पर्यटन क्षेत्रको विकासका निम्ति सरकार प्रतिबद्ध रहेको बताइन् ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले जेनजी आन्दोलनअघि दैनिक तीन हजार ३ सय पर्यटक आगमन हुने गरेकामा यो साता दुई हजार ९ सय हाराहारीमा पर्यटक आगमन भएको जानकारी दिए । कार्यक्रममा पर्यटन क्षेत्रको विकासमा सहयोग गरेबापत विभिन्न व्यक्ति र संस्थालाई सम्मान गरिएको थियो । साथै 'गाउँ पर्यटन र पहिचान' पुस्तक पनि विमोचन गरिएको थियो ।



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/२० मा दर्ता भएको **प्रा. लि. नं. १७७५९४/०७४/०७५** को **युरो एशिया रिक्रुटमेन्ट सर्भिस प्रा. लि.** को मिति २०८२/०६/१० को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## नेपाल विद्युत प्राधिकरण
### मधेश प्रादेशिक कार्यालय जनकपुर
(सूचना प्रकाशित मिति : २०८२।०६।१२)

### मिटर नामसारी सम्बन्धी सूचना

यस प्रादेशिक कार्यालय अन्तर्गतका **कंचनपुर वितरण केन्द्र** तथा **जनकपुर वितरण केन्द्र**का ग्राहकहरूबाट विद्युत नामसारी गर्नका लागि नियमानुसार पेश भएका निवेदन बमोजिमको विद्युत मिटर नामसारी सम्बन्धीको विस्तृत सूचना नेपाल विद्युत प्राधिकरणको वेबसाईट **www.nea.org.np/regional/2** मा प्रकाशन गरिएको तथा सम्बन्धित वितरण केन्द्रको सूचना पाटीमा समेत टाँस गरिएको व्यहोरा जानकारी गराइन्छ ।

## कतारमा रोजगार

कम्पनीः PIGEON ENGINEERING PROJECTS FOR TRADING AND GENERAL SERVICES शहरः QATAR
पूर्व स्वीकृत मितिः २०८२/०६/१० चलानी नं.: ६०२४५४६७ LT. No.: 331771

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MASON | 4 | 0 | | 1200 | ४६,६४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १९ गते (5 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SUPREME OVERSEAS PVT. LTD.** Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202,
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

# Dhanapalthan Rural Municipality
## Office of Rural Municipal Executive
**Sorabhag, Morang**
**Koshi Province, Nepal**

## Invitation for Bids

**First Date of Publication: September 28, 2025 (2082.06.12)**

1. Dhanapalthan Rural Municipality, Sorabhag, Morang invites electronic bids from eligible bidders for the following Sealed Quotation.

| S. N. | Contract Identification Number | Description of Work/Goods | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 01/DPTRM/SQ/GOODS/2082-083 | Supply & Delivery Of Medicine for basic and emergency health services | 62,500.00 | 75 days from date of bid opening | 1,000.00 |

| | |
|---|---|
| Deadline for bid submission | October 13, 2025 (2082.06.27) till 12:00 hours. |
| Date, time and place of bid opening | October 13, 2025 (2082.06.27) on 13:00 hours at Dhanapalthan Rural Municipality, Morang. |
| Bank Account details for bid document fee | System Account Name: GA 1.1 DHANPALTHAN GA.PA. AANTARIK RAJASHO KHATA<br>Account no.: 29501400000048<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Karshiya Branch, Morang. |
| Account details for bid security amount | System Account Name: GA 3.1 DHANPALTHAN GA.PA. DHARAUTI KHATA<br>Account no.: 29501400000024<br>Name of Bank: Nepal Investment Mega Bank Ltd., Karshiya Branch, Morang. |

2. Interested eligible bidders may obtain further information from Dhanapalthan Rural Municipality, Sorabhag, Morang at office hours or may visit E-procurement section of PPMO's Website: https://www.bolpatra.gov.np/egp/
3. Bidding document is available online and can be downloaded from website: https://www.bolpatra.gov.np/egp/ and bidders have to submit their bids through e-GP system of PPMO website: https://www.bolpatra.gov.np/egp/ as specified in instruction to bidder.
4. The office reserves right to accept or reject any or all bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# Chandrapur Municipality
## Office of Municipal Executive
**Chandranigahpur, Rautahat**
**Madhesh Pradesh , Nepal**

## INVITATION FOR BIDS

**Date of publication: 2082/06/12**

1. Chandrapur Municipality, Office of Municipal Executive invites electronic bids (e-GP) from eligible bidders for the following under National Competitive Bidding.

| S. N. | Contract ID. | Project Name | Bid Security Amount | Bid Fee Nrs. |
|---|---|---|---|---|
| 1. | NCB/CM/IR/2082/083/01 | Extraction, Collection, Storage and Sell of Riverbed Materials (from given section) from Chadi River | 5 percent of bidding amount | 3,000 |
| 2. | NCB/CM/IR/2082/083/02 | Extraction , Collection , Storage and Sell of Riverbed material (from given section) from Bagmati River. | 5 percent of bidding amount | 3,000 |

2. Interested eligible bidders may obtain detail information from PPMO's website: http://www.bolpatra.gov.np and https://chandrapurmun.gov.np
3. If the last date of purchasing and/ or submission falls on government holiday, then the next working day shall be considered the last date. In such case the validity period of the bid security remain the same as specified for the last date of bid submission.
4. The municipality office reserves the right to accept or reject, wholly or partly any or all bids without assigning reason, whatsoever. Matters not covered by the notice shall be in accordance with bid document, public procurement act and regulation.

# Chamunda Bindrasaini Municipality
## Office of the Municipal Executive
**Jambukandh, Dailekh**
**Karnali Province, Nepal**

## Invitation of Electronic Bids

**Date of First publication: 2082/06/12 (28 Sept., 2025)**

1. The Chamunda Bindrasaini Municipally Jambukahdh Dailekh Invite the following electronic Bid From the eligible National Bidders Under National Competitive Biddings
2. The Details of the Project is as following :

| S. No. | Description | IFB No. | Bid Security Amount | Nonrefundable Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Badala Budeli Chautara Road Upgrading works | CBM/W/NCB-03/2082/083 | 15,60,000.00 | 5,000.00 | 2082/07/11(28 Oct., 2025) 12:00 hours on | 2082/07/11(28 Oct., 2025) 14:00 hr. on |

3. The Eligible Bidders May Contract office and Obtain Further Information from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer

मध्यान्ह
www.madhyanhadaily.com
१२ असोज २०८२ आइतबार
28 September 2025 Sunday

## सम्पादकीय

# थप संवेदनशील बन

गत भदौ २३ गते र २४ गतेको प्रदर्शनको पृष्ठभूमि, वर्तमान अवस्था र भावी सुरक्षा चुनौतीको अवस्थाबारे नेपाली सेना समीक्षामा जुटेको छ । सेनाकै नजरमा सुरक्षा अवस्था सामान्यजस्तो देखिए तापनि उच्च जोखिम छ । यस्तो निचोडमा पुग्नुअघि सेनाले पृतनापति समन्वयात्मक बैठक राख्यो । जहाँ पृतनापतिले अवस्थाका विश्लेषण गरे । त्यसअगाडि सैनिक मुख्यालयले पूर्वप्रधानसेनापतिहरूसँग पनि छलफल गरेको थियो । पूर्वप्रशासक र राजनीतिज्ञसँग समेत सेनाले संवाद गरेको छ । जसका आधारमा सुरक्षा जोखिम उच्च रहेको निष्कर्ष निकालेको छ । कोबाट कस्तो खतरा छ ? सेनाले केही खुलाएको छैन । तर नेपालमा विगतदेखि नै सक्रिय रहेका विभिन्न स्वार्थ समूह एकातिर छन् भने अर्कोतिर निर्वाचनको वातावरण बनाउने बिथोल्न हुने प्रयास गर्ने समूह देखिँदै छन् । यसकारण सेना थप संवेदनशील बन्नुपर्ने अवस्थाको मूल्यांकन भएको छ ।

नेपाल भूगोलका रूपमा सानो देश हो । विश्वमा उदाउँदा र प्रतिस्पर्धी दुई देश चीन र भारत नेपालमा स्थिरता चाहन्छन् । आफ्नो नीतिमा नेपालले समर्थन गरिदियोस् भन्ने चाहना पश्चिमा शक्तिको समेत छ । अमेरिका र युरोपियन युनियनले समेत नेपालको अवस्थालाई नजिकबाट नियालिरहेको छ । विश्वका शक्ति राष्ट्रको चासोमा रहेको नेपाल आफ्नै बुद्धि र विवेकमा टेकेर अगाडि बढ्न चाहन्छ । यस्तोमा आगामी फागुन २१ गतेका लागि तय भएको चुनाव समयमै शान्तिपूर्ण रूपमा हुनुपर्छ । यसका लागि जे जस्तो वातावरण बनाउनुपर्ने हो त्यो बनाउनु वर्तमान सरकारको प्रमुख दायित्व हो । किनभने चुनावबाट आएको सरकारलाई नेतृत्व हन्तान्तरण भएपछि विधि र पद्धतिअनुसार मुलुक अगाडि बढ्छ । तर हालसम्म पनि राजनीतिक दल चुनावबारे खुलेर बोलिरहेका छैनन् । नेकपा माओवादी केन्द्रले चुनावको समर्थन गरेको छ भने कांग्रेसका युवा नेताहरू चुनावको पक्षमा उभिएका छन् । बाँकी सिंगो नेपाली कांग्रेस र नेकपा एमालेले चुनावको विषयमा औपचारिक रूपमा केही भनेका छैनन् । यसले पनि चुनाव हुने वा नहुने भन्ने संशय छ । यस्तो संशय चिरेर अगाडि बढ्नुको विकल्प छैन ।

नेपाली सेनाले जुन गम्भीरताका साथ सुरक्षा संवेदनशीलता औँल्याएको छ त्यसअनुसार सेनाले आफ्नो तयारी गर्ला नै । तर सेनाकै मात्र भर पर्नु उचित होइन । सरकार छ । सरकारका निकाय छन् । राज्यका अन्य अंग छन् । जसले समाजलाई नै शान्तिको बाटोमा अगाडि बढ्नेगरी वातावरण बनाउन सक्छन् । यसतर्फ सबै पक्ष जिम्मेवार र संवेदनशील बनून् ।

# दशैं दृश्य

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'




अतितमा धेरैको दसा बनेको थियो दशैं, यसपालि नहोस् शुभकामना । अघिल्लो सरकारका मुख्य सचिवको नेतृत्वमा बसेको बैठकले दशैं चुस्त, दुरुस्त र तन्दुरुस्त पार्ने गरी निर्णय गरिसकेको थियो र औपचारिक भए पनि दशैं बजार खुल्ने अहिले पनि भनिएको छ । सडक तन्दुरुस्त पार्न त सांसदहरूले यसअघि नै ह्वीप जारी गरिसकेका थिए तर सडक मात्रै होइन, सिंह नै ढलेको छ अहिले । समग्र पूर्वाधार गलेका, नागरिकहरू ढलेका, गाडीहरूले यसअघि धेरै नेपाली यात्रुहरूको 'राम नाम सत्य' भएकै थियो र यो हप्ता त देशको हरिबिजोक नै भएको छ, दशैंमा यसपालि कुनै औपचारिक कार्यक्रम नगर्दा राम्रो, आँसु धेरै बगेकाले ।

अर्थमन्त्रीले कुनै सुविधा नलिने भने, प्रधानमन्त्री बालुवाटार पस्दा चामल र सातु लिएर पसिन्, अब अरू मन्त्री कुलमानहरूले पनि तलब भत्ता नलिँदा राम्रो । बंकरमा थुपारिएको पैसा जलेको छ, त्यस्तो गाढ धन नेपालीलाई चाहिएको होइन, न अर्थमन्त्रीका कोठामा असी हजार जाने रक्सी नै । सात्तु र केही मौसम खाएर हामीले दशैं मनाउने गरेका छौँ ।

शान्ति सुरक्षामा अब्बल हुने गरी दशैं व्यवस्थापनको ह्वीप जारी गरेपछि सबैजसो प्रहरी कार्यालयहरू जले, भष्म खरानी नै भए । टालाटुली बटुलेर ती फेरि बन्छन् कि हेरौं, तर जनता भने पैसा तिर्ने क्षमताका छैनन् । अधिक महँगी दिलाई अधिक कर लुँड्याउने सँग भराउनु पर्ला । उता खाद्यान्नमा मिसावट नहुने, नमूना परीक्षण गरिने, अनुगमन कडा गरिने, तौल, मूल्य र गुणस्तरमा सम्झौता नहुने र हवाई लगायत स्थल मार्गका भाडाहरूका बारेमा पनि ह्वीप जारी भइसकेको थियो, थप होला पनि ।

र कर्मचारी सेवा दिन ठीक समयमा सरुवा भएको ठाउँमा जानू, नगए विभागीय कारबाही गर्ने नाटक देखाउने सामान्य प्रशासन मन्त्री नै नभएको अवस्था छ । जसले दशकौंसम्म कर्मचारी ऐन दिएन, त्यो मन्त्रालय मात्रै होइन, स्वास्थ्य सुधारको नाटक गर्ने मन्त्रालय पनि खरानी भएको छ । साल्ट ट्रेडिङ र खाद्य कम्पनी तम्तयार भएर मोबाइल भ्यान लिएर दशैं मनाउन बसिसकेको छ, सुपथ मोलका पसल पनि, तर सामान तीसँगै छैनन् दिने । मानौं दशैं, तिहार, छठमा अब व्रत बस्नु राम्रो । सामाजिक सञ्जाल बन्द लोकतन्त्रको उपहार नै भइहाल्यो ।

दशैं प्रयोगमा आउने सरसामान कोदारीतिरै थुनिएका छन् । १५ सय कन्टेनरहरू, स्याउ, केरा, आँपहरू सडे भने व्यापारीले यता दोब्बर तेब्बर मोल बढाउन पाइहाल्ने भएकाले खासै चिन्ता भएन । अब सीजी र भाटभटेनी जस्ता घरानियाँ व्यापारीको पनि मुटुमै प्रहार भएको छ, दनादन जलेको छ, उकै ठाउँमा ६ जनाको शव पछि फेला परेको छ । बालुवाटार बा, शीतल निवास र सिंहदरबारले लोकतन्त्र भनेको छलफल र एजेण्डा पास गर्नु हो, कार्यान्वयन त दैव भरोसा हो भन्ने रामे बुझेको थियो पहिले, अहिले के हुन्छ, विरोध सुरु भइसक्यो । स्रोत छैन, साधन छैन, गर्नु के? स्रोत, साधन लोकतन्त्र एक्लैले खाइदियो । सेवा वितरण त नागरिक आफैंले गर्नु पर्ने भएको छ, पालमा बसेर शपथ खानेले के देलान् ?

आत्मनिर्भर हुने हो भने खाडी जाने हो, यहाँ त लोकतन्त्रले रजगज् गर्ने हो । धर्मनिरपेक्ष भए पनि दशैंका जमरा लाउने हो, गणतन्त्र र लोकतन्त्रले बाँकी काम नागरिक आफैंले गर्ने हो । आयात गर, भन्सार राजस्व देऊ राज्यलाई, बेस्सरी कमिसन, अनि मनाऊ दशैं – यही थियो आदर्श लोकतन्त्रको ।

सोलु जाने पर्यटक घटेछन्, रामेछापमा विमान चलेन, पर्यटकहरू ओइरिने बेला यहाँ सामाजिक सञ्जाल बन्द भयो । धेरैले बुकिङ रद्द गरे, अहिले त सडकभरि कालो मुस्लो छ । घाटा देशलाई भएकै हो, हावादारी लोकतन्त्रका नाइकेहरू भूमिगत छन्, विदेशी ऋण कसले तिर्ने हो थाहा छैन । सुपथ मोलका पसल पनि समाचारमा आएपछि रमाउने लोकतन्त्रले विगत दिनहरूमा खुल्नासाथ बन्द गरिरहेको थियो, यसपालि त सबैजसो नाकाहरू बाढी पहिरोमा परेका छन् । आउने सामान बाहिरबाट हो, यहाँ उत्पादन छैन । उत्तरी नाका दुबै खुल्ने जस्तो छैन, रसुवागढी त उहिल्यै बगाएको हो । तातोपानीबाट आउने कन्टेनर उतै रोकिएकाले, भन्सार राजस्व कम हुँदा वेतनविहीन अर्थमन्त्रीलाई पनि पिर पर्ला । सरकारको चित्त दुख्नु स्वाभाविक होला, उपभोक्ताको चित्त दुख्नु खासै ठूलो कुरा भएन ।

अब्बल सर्कुलर जारी भइसकेकै छ, नागरिक ढुक्क भए हुन्छ, मीठो खाने, राम्रो लाउने दशैं किन कुर्ने ? अघिपछि पनि त हुने खानेलाई दशैं नै छ । बरु त्यतिबेला बढी खाए रोगी भइएला र जनस्वास्थ्य असहज हुँदा सरकारलाई पिरलो हुन्छ, त्यसैले – कम खाऊ, निरोगी होऊ भन्ने पुरानो संस्कृति नै ठीक होला ।

दशैंकै मुखमा १२ वटा राजमार्ग अवरुद्ध भएका खबरले खासै चिन्ता लोकतन्त्रलाई भएको देखिएन । अब त यो इतिहास हुन लाग्यो । नागरिक बा उपभोक्ता चिन्ता लोकतन्त्र वा गणतन्त्रको दोष होइन, ल्याएको व्यवस्था जनताले हो, जिम्मेवार हुने जनता नै हो ।

> *दशैंकै मुखमा १२ वटा राजमार्ग अवरूद्ध भएका खबरले खासै चिन्ता लोकतन्त्रलाई भएको देखिएन । अब त यो इतिहास हुन लाग्यो । नागरिक वा उपभोक्ता चिन्ता लोकतन्त्र वा गणतन्त्रको दोष होइन, ल्याएको व्यवस्था जनताले हो, जिम्मेवार हुने जनता नै हो ।*

१२ राजमार्ग अवरुद्ध, १६० राजमार्ग एकतर्फी सञ्चालन हेर्दा त देशैभरि यातायात, सडक अवरुद्ध, दाउन्ने सहज भयो रे । नारायणघाट-बुटवल सडकमा म्याद थपिरहने, लागत कष्ट बढिरहने मात्रै होइन, देशैभरिका सडक पूर्वाधारहरू समयमा बनी नसक्ने, लागत खर्च बढिरहने, दोहन भइरहने, ठेकेदार मोटाउने, उपभोक्ता सुकेनास हुने आदर्श बोकेको लोकतन्त्रले परिणाम देखिने गरी काम गर्ने भनेको कागजको ठेली तयार पार्ने थियो ।

राजनीतिकर्मीहरूको उद्योग फस्टाएको र बाँकीको उद्योग, व्यवसाय गुमेको लोकतन्त्रको परिदृश्य, जति हेरे पनि कम हुन्छ । र, अन्तमा – हावा खाउँ, शुद्ध पानी त के पाइएला र आशीर्वादमा पनि मिसावट आएकाले जसो जसो बाहुन बाजे उसै उसै स्वाहा भन्दै दशैं गीत घन्काएर दिनहरू काटौं – यही शुभकामना छ ।

## सामाजिक सञ्जाल



डम्बर खतिवडा

अन्तरिम सरकारले हात उठायो । न संवैधानिक सुधार, न प्रत्यक्ष निर्वाचित कार्यकारी, न भ्रष्टाचार छानबिन गर्न विशेष सयन्त्र-जम्माजम्मी नयाँ चुनाव । यत्रो बलिदानको उपलब्धि मध्यावधि । राष्ट्रपति पौडेलले लगाएको 'बढो जुक्ति' यही रहेछ कि क्या हो ? नयाँ चुनावले जेनजी आन्दोलनलाई न्याय गर्ला ?



दिल निशानी मगर

महावीर पुनले अरू केही गर्नु पर्दैन । हिम्मत छ भने बोर्डिङ स्कुललाई खारेज गरेर राष्ट्रियकरण गर । सरकारी र बोर्डिङ स्कुलबाट दुई थरी जनशक्ति उत्पादन गर्ने काम बन्द गर । त्यस्तो नाथे सिसिटिभी, बगैंचा, क्यालेन्डर, परीक्षाफल एउटा नायब सुब्बाले गर्ने काम हो ।



नारायण अमृत

प्रधानमन्त्री सुशीला कार्कीको सम्बोधन सुनेपछि लाग्यो- नवोदित युवाहरूको बलिदानी केही होइन । यो उनी र उनको टिमका लागि छक्का पन्जा दाऊ हो । आफ्नै सन्तानको रगतको पिर्कामा उभिएर पनि यति क्लिसे, यति कन्जर्भेटिभ र यति यथास्थितिवादी हुन तिमीलाई कसले सिकायो ? हाम्रा सन्तानप्रति हामी निर्दयी हो कि हाम्रो प्रारब्ध ? मैले बुझ्न सकिनँ ।



विपिन अधिकारी

सबै औपचारिक परिस्थितिमा प्रधानमन्त्री, मन्त्री वा मुलुकको उपल्लो स्तरका निर्वाचित, मनोनीत, कूटनैतिक वा प्रशासनिक पदाधिकारीले आफ्नो व्यक्तित्व तथा काम-कारबाहीमा पदले माग गरे अनुरूप प्रोटोकल कायम गर्ने हो । यसको अर्थ हुन्छ । म यस्तै हो वा मेरो देशको स्तर यही हो भनेर भन्नु हुँदैन ।

# आन्दोलनको मर्म र कार्की सरकार

विचार



● प्रियांका कामत

Bidder is open to all eligible bidders. The office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Admninistrative Officer**

## मण्डनदेउपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक

### प्राइभेट नेट्वर्क प्रयोग तथा सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०६/१२)**

यस मण्डनदेउपुर नगरपालिकाको स्वामित्वमा रहेको ८० कि.मि. १२ कोर र ५ कि.मि. ६ कोर गरि जम्मा ८५ कि.मि. को नेटवर्क पूर्वाधार भाडामा उपलब्ध गराउने मिति २०८२/०५/२० गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार नेटवर्क पूर्वाधार भाडामा लिन ईच्छुक इन्टरनेट सेवा प्रदायक (ISP) कम्पनीबाट तोकिएको न्यूनतम रकममा नघट्ने गरी तोकिएका सेवा शर्त पूरा गर्ने गरी सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्बन्धी विवरणः**

| क्र. सं. | ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | न्यूनतम रकम रु. (वार्षिक) | सिलबन्दी दरभाउपत्र जमानत दस्तुर | सिलबन्दी दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | 2/SQ/Goods/2082/083 | प्राइभेट नेट्वर्क प्रयोग तथा सञ्चालन | १५,०००।- | ३०,०००।- | १,०००।- |

**ठेक्का सम्बन्धि शर्तहरुः**

१. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन दिनको ५:०० बजेसम्म खरिद गरी १६ औं दिन दिनको १२:०० बजे सम्म दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ र दिनको २:०० बजे टेण्डरदाता वा निजको प्रतिनिधि (उपस्थित नभए पनि) तथा कार्यालय प्रतिनिधिको रोहबरमा खोलिनेछ ।
२. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा क्रमशः सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन मान्य हुनेछ ।
३. ठेक्का कबोल रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
४. दरभाउपत्र बुझाउदा सिलबन्दी दरभाउपत्र जमानत दस्तुर नगरपालिकाको राजश्व शाखामा बुझाई रसिद सोही फारम भित्र राख्नु पर्नेछ ।
५. दरभाउपत्र दस्तुर रु. १००० (फिर्ता नहुने गरी) बुझाइ यस मण्डनदेउपुर नगरपालिकाबाट उपलब्ध हुनेछ ।

**नोटः सिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण विवरण तथा अन्य शर्तहरु नगरपालिकाको वेबसाइट www.mandandeupurmun.gov.np मा राखिएको छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

# रुकुमपूर्वमा चाडपर्व लक्षित छड्के चेकजाँच

## सुरक्षामा कडाइ, कालोबजारी नियन्त्रणमा जोड




**बालाराम शेर्पाली / मध्यान्ह**
रुकुमपूर्व, ११ असोज

चाडपर्व नजिकिँदै गर्दा सुरक्षालाई सुदृढ बनाउने र बजारमा हुने कालोबजारी नियन्त्रण गर्ने उद्देश्यले रुकुमपूर्वमा व्यापक छड्के चेकजाँच गरिएको छ। प्रमुख जिल्ला अधिकारी सीता परियारको नेतृत्वमा शनिबार गरिएको सो चेकजाँचमा जिल्ला प्रहरी कार्यालयका डीएसपी उमाशंकर प्रसाद यादव, सशस्त्र प्रहरीका डीएसपी संगीत भट्ट, अस्पताल सुपरिटेन्डेन्ट डा. कृष्ण खराल, नेपाल पत्रकार महासंघका पदाधिकारी, ट्राफिक प्रहरी तथा जिल्ला प्रशासनका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो ।

चाडपर्व नजिकिँदा यात्रुको चाप बढ्ने, कालोबजारी हुने तथा अवाञ्छित गतिविधि बढ्ने सम्भावना रहने भएकाले जिल्ला प्रशासन कार्यालयले यसपटक सुरक्षामा कडाइ गर्ने विशेष अभियान सुरु गरेको हो ।

रुकुम पश्चिम हुँदै आउने सवारीसाधनलाई रुकुमकोटदेखि सिस्ने गाउँपालिका-६ खोपिचारसम्म पर्ने मध्यपहाडी लोकमार्ग क्षेत्रमा प्रहरीले रोकथाम गरी विस्तृत चेकजाँच गरेको थियो ।

चेकजाँचका क्रममा सवारीसाधनको प्राविधिक कागजात, चालकको लाइसेन्स, यात्रु संख्यामा कानुनी पालना भएको/नभएको र सवारीसाधनमा बोकेको सामानको विवरणलाई विशेष ध्यान दिइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। सो क्रममा कतिपय सवारीसाधनमा सिट क्षमताभन्दा बढी यात्रु राखिएको पाइएपछि तुरुन्तै सचेत गराइएको र कानुनी प्रक्रिया अगाडि बढाइएको जानकारी दिइएको छ ।

प्रहरीका अनुसार चाडपर्वमा यात्रुको सहज आवागमन सुनिश्चित गर्न, दुर्घटनाका घटना कम गर्न तथा यात्रुहरूलाई असुविधा हुन नदिन यस्ता चेकजाँचलाई निरन्तर कडाइका साथ अघि बढाइनेछ । साथै, बजारमा आवश्यक वस्तुको आपूर्ति सहज बनाउन, कृत्रिम अभाव सिर्जना गर्ने र मूल्यवृद्धि गर्ने गतिविधिलाई रोक्न विशेष अनुगमनसमेत गर्ने तयारी गरिएको छ ।

सिडिओ परियारले चाडपर्वको समयमा जनसुरक्षा, शान्ति-सुव्यवस्था र बजार व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रशासनले सुरक्षाकर्मी, प्रहरी, ट्राफिक प्रहरी तथा स्थानीय निकायबीच सहकार्यमा कार्यक्रम अघि बढाइने बताइन् । उनले यात्रु, व्यापारी तथा व्यवसायीलाई समेत कानुन र सुरक्षाप्रति जिम्मेवार बन्न आग्रह गरिन् ।

जिल्ला प्रहरी कार्यालयका डीएसपी यादवले अवाञ्छित गतिविधि नियन्त्रण गर्ने, कालोबजारी रोक्ने र चाडपर्वमा सर्वसाधारणलाई सहजता प्रदान गर्ने उद्देश्यले चेकजाँचलाई नियमित र निरन्तर बनाइने उल्लेख गरे। उनका अनुसार, चाडपर्व जस्तो समयमा सुरक्षामा खटिने टोलीले अझ सतर्कता अपनाउनेछ ।

यसरी, चाडपर्व लक्षित सुरक्षात्मक कदमअन्तर्गत गरिएको छड्के चेकजाँचले यात्रु तथा स्थानीय नागरिकलाई सुरक्षाप्रति विश्वास दिलाउने र बजारमा हुने कालोबजारी नियन्त्रण गर्न ठोस प्रभाव पार्ने विश्वास लिइएको छ ।

# सरकारी कार्यालयद्वारा पूर्ववत् सेवा प्रवाह




**दाङ/मस**–गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शनका क्रममा यहाँस्थित आगजनीबाट क्षति भएका सरकारी कार्यालयले सेवा प्रवाह थालनी गरेका छन् । मालपोत कार्यालय तुलसीपुरले शुक्रबारदेखि पुनः सेवा सुरुवात गरेको छ ।

पहिलो दिन जग्गा रोक्का र फुकुवाको काम थालिएको छ । आगजनीका कारण क्षतिको भवन पुनः प्रयोग गर्न मिल्ने भएकाले अहिले भुइँ तलाबाट सेवा सुरु गरिएको भएपनि केही दिनमा माथिल्लो तलाबाट सेवा सुरु गर्ने कार्यालय प्रमुख खिमबहादुर खड्काले बताए ।

उनका अनुसार हाल बचेका श्रेष्ताको समेत काम हुनेछ । क्षतिभएकाको भने केन्द्रबाट निर्देशन आए अनुसार काम गर्ने उनको भनाइ छ। हाल साविक तुलसीपुर नगरपालिकासहित लाहुरे चौर, बयालेसिमतारा, बाघमारे, हलवार र मानपुरका श्रेष्ता बचेका छन् । अन्य सात वटाको आंशिक क्षति छ, भने एउटा पूर्ण रूपमा जलेर नष्ट भएको छ ।

त्यस्तै इलाका प्रशासन कार्यालयले राहादानी र राष्ट्रिय परिचयपत्रको काम बाहेक अन्य काम सुचारु गरिसकेको छ । जलाइएको कार्यालयलाई मर्मत सम्भार गरी सेवा प्रवाह गरिएको प्रमुख महेश गुरुङले बताए । अब राहादानी र राष्ट्रिय परिचयपत्रको काम पनि केही दिनमा सुरु गर्ने तयारी रहेको उनले बताए ।

त्यस्तै तुलसीपुर उपमहानगरपापालिकाले स्वास्थ्य उपचारसहित अन्य सिफारिशलगायतका काम सुरु गरेको नगर प्रमुख टीकाराम खड्काले बताए ।

उनका अनुसार उपमहानगरपालिकाको ट्रेड टावरको सीसामा पनि क्षति भएकाले त्यो सिसा मर्मत हुने वित्तिकै कार्यालय नै त्यतै सार्ने गरी तयारी भएको छ। पालिकाका दुई वटा भवन जलेका छन् । तीमध्ये पुरानो भवन प्रयोग गर्न मिल्ने अबस्थामा रहेको उनको भनाइ छ । त्यसलाई मर्मत गर्ने कार्य भइरहेको समेत उनको भनाइ छ।

त्यस्तै उच्च अदालत तुलसीपुरले पनि बन्दीप्रत्यीक्षीकरणका निवेदन दर्ता गर्ने कार्य गरिहेको छ। अन्य सेवा भने अझै सुरु हुन नसकेको अदालतका सूचना अधिकारी कृष्ण शर्माले जानकारी दिए ।

अदालतको इजलास निर्माण गर्ने काम तुलसीपुर उपमहानगरपालिकाले गरिदिने भएको छ । यसकालागि उपमहानगरपालिकाले बोलपत्रसमेत गरिसकेको छ । दुई इजलास निर्माण गर्ने गरि बोलपत्र आह्वान गरिएको हो ।

आन्तरिक राजश्व कार्यालय तुलसीपुरले पनि सेवा थालनी गरिसकेको छ। तुलसीपुर उद्योग बाणिज्य सङ्घले उपलब्ध गराएको भवनबाट सबै सेवा सुरु भइसकेको कार्यालय प्रमुख श्रीधर टन्डनले बताए ।

त्यस्तै नेपाल आयल निगम, जलस्रोत तथा डिभिजन सिँचाइ कार्यालय, भू तथा जलाधार कार्यालयले पनि सेवा पुनः सेवा थालनी गरिसकेका छन् ।

**भूल सुधार**

मिति २०८२/०६/११ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगार शीर्षक कम्पनीको नामः **DRONE SECURITY SDN. BHD. पूर्व स्वीकृत मितिः २०८२/०६/१०, चलानी नं.: ६०२४५४२५ र L.T. No.: 331809** को विज्ञापनमा **शहरमा Selngar** हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बसुन्धरा, काठमाडौं
फोनः ४३७५०५१, ४३७६५६६, फ्याक्सः ४३७५०४७, Email: -info@ayushintl.com
मोबाईल नं.: ९८०१२८०८०४ / ९८०१२८०८२३ / ९८०१२८०८२५
श्रम इजाजत नं. ६८८/०६३/०६४

## Tila Rural Municipality
### Office of the Municipal Executive
**Dundeli, Jumla**

**Invitation for Electronic Bids**

**Date of Publication:-2025/09/28, Date of Opening Bid:-2025/10/29**

1. Tila Rural Municipality,the office of Rural Municipal Executive ,invites e-bidding from eligible bidders through "Single Stage Single Envelope" Procedure for the project mentioned below.

| S. N | Contract ID | Description Of Work | Bid Security | Bid Document Fee | Estimated Amount (Without VAT And Contingency) |
|---|---|---|---|---|---|
| 1 | Tila/NCB/ Works/2082/83/04 | Kudari Dekhi Dungri Samma Sadak Starunnati | 2,45,000.00 | 3,000.00 | 89,29,668.47 |
| 2 | Tila/NCB/ Works/2082/83/05 | Gramin Wa Krishi Sadak Rara Dekhi Ghode Sudi Manechaur Rasha Hudai Khopri Kayarkot Samma Sadak Starunnati | 4,20,000.00 | 3,000.00 | 1,59,71,534.6 |
| 3 | Tila/NCB/ Works/2082/83/06 | Manechaur Dekhi Rasha Hudai Chayapatan Samma Sadak Starunnati | 2,60,000.00 | 3,000.00 | 97,32,763.74 |

2. A complete set of Bid Document and related information can be downloaded from www.bolpatra.gov.np/egp

For Bid Security And Other Financial Purpose:-

Account Name: TILA GA.PA.GA-1.1 AANTARIK RAJASWO, Bank Name: Nabil Bank Ltd Bank ,Address: Tila Rural Municipality Branch ,Account Number: 07201017500243

**Chief Administrative Officer**

## Itahari Sub-Metropolitan City
### Office of the Municipal Executive
**Itahari, Sunsari**

**Invitation for Bids**

**First Date of Publication: 2082/06/12 BS**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S.N. | Contract Identification Number | Work/Description | Bid Price (NRs) | Bid Security Amount (NRs) | Bid Security Period | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/3G/082/083 | Supply and delivery of Medicines (WHO-GMP Certified Company) (Non-vatable) and Surgical Items (Vatable) Itahari, Sunsari | 3,000.00 | 1,50,000.00 | 120 days | Single Stage Single Envelope |

Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.

2. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
3. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at www.bolpatra.gov.np/egp.

## Mandandeupur Municipality
### Office of Municipal Executive
**Mahadevsthan, Kavre**
**Bagmati Province, Nepal**

**Invitation For Online Bids**

**(Date of Publication: 28th September 2025)**

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S. N. | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat, PS & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1 | Fedi-Timalsina gaun-Dandagaun-Judi gaun-Chhinneko Paheroo Sadak | 01/Works/NCB/ MDM/82/83 | 29/10/2025 12:00 hrs. | 29/10/2025 13:00 hrs. | Nrs.5,000.00 | Nrs.7,15,000.00 | Nrs.2,86,19,052.73 |
| 2 | Fedi-Chandani-Haldechhap Sadak Wada No.11 | 02/Works/NCB/ MDM/82/83 | 29/10/2025 12:00 hrs. | 29/10/2025 13:00 hrs. | Nrs.5,000.00 | Nrs.11,40,000.00 | Nrs.4,55,92,445.55 |
| 3 | Tyankidanda Mane Kashibhyanjyang-Nala Sadak Ward no.3 | 03/Works/NCB/ MDM/082/83 | 29/10/2025 12:00 hrs. | 29/10/2025 13:00 hrs. | Nrs.5,000.00 | Nrs.8,76,000.00 | Nrs.3,50,23,130.82 |

**Chief Administrative Officer**

# एकीकृत समाजवादीद्वारा निर्वाचन परिचालनका लागि कार्यदल गठन




काठमाडौं/मस-नेकपा (एकीकृत समाजवादी) ले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचन निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सुनिश्चित गर्न सरकार, राजनीतिक दलहरू, नागरिक समाजलगायत सम्बन्धित सबै पक्षलाई आह्वान गरेको छ।

पार्टीले विगतका आ-आफ्ना कामको समीक्षा गरेर कमीकमजोरी सच्याउँदै अघि बढ्न सबैलाई आग्रह गरेको छ। पार्टीले आगामी निर्वाचनको तयारी गर्न पार्टी महासचिव घनश्याम भुसालको नेतृत्वमा निर्वाचन परिचालन कार्यदल गठन गरेको केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिए।

कार्यदलमा उपमहासचिव तथा संसदीय विभाग प्रमुख गरिमा शाह, उपमहासचिव तथा कार्यालय सचिव रामकुमार भट्टराई, सचिव तथा आर्थिक विभाग प्रमुख सोमप्रसाद पाण्डे, स्थायी कमिटी सदस्य विजय पौडेल, पोलिटब्यूरो सदस्य तथा निर्वाचन विभाग प्रमुख दिलकुमारी पन्त, पोलिटब्युरो सदस्य तथा कानून फाँट इन्चार्ज धनप्रसाद गौतम, पोलिटब्यूरो सदस्य तथा कानून विभाग प्रमुख देउमान सम्बाहाम्फे र केन्द्रीय कमिटी सदस्य केदार सञ्जेल सदस्य रहेका छन्।

# दुई लाख ६७ हजार बढीले छाडे उपत्यका



काठमाडौं/मस-यही असोज ६ गते घटस्थापनाका दिनदेखि आजसम्म दुई लाख ६७ हजार ४ सय ४१ जना काठमाडौं उपत्यकाबाट बाहिरिएका छन्। अध्ययन/अध्यापन, व्यापार व्यवसाय तथा विभिन्न कामका लागि काठमाडौं आएकामध्ये शनिबार ११ गतेसम्म दुई लाख ६७ हजार ४ सय ४१ जनाले काठमाडौं उपत्यका छोडेका प्रहरीले जनाएको छ।

नागरिक उपत्यका छोडेर गृहजिल्लातर्फ जान थालेपछि अहिले उपत्यकामा सवारी चाप क्रमिक रूपमा घट्दै गएको छ भने राजमार्गमा सवारी चाप बढ्दै गएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

यही असोज ६ गते (घटस्थापना) का दिन ४० हजार ९ सय २३, असोज ७ गते ३९ हजार ८ सय १४, असोज ८ गते ५७ हजार ५ सय ५९, असोज ९ गते ५६ हजार ९ सय ६, असोज १० र ११ गतेसम्म ७२ हजार २ सय ३९ जनाभन्दा बढी यात्रुले काठमाडौं उपत्यका छोडेका उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेश सुवेदीले बताए।

उनले भने, 'काठमाडौंबाट बाहिरिनेको संख्या बढ्दो क्रममा छ। ठूलो संख्यामा नागरिक र सवारीसाधन बाहिरिन थालेपछि राजमार्गमा सवारी चाप बढ्दो छ।' घटस्थापनाका दिनदेखि शनिबारसम्म काठमाडौं उपत्यकाबाट ४५ हजार ४ सय ९३ सवारीसाधन बाहिरिएका ट्राफिक प्रहरीले जनाएको छ।

यसैगरी घटस्थापनाका दिनदेखि आजसम्म काठमाडौं उपत्यकामा ४१ हजार ५ सय १४ वटा सवारीसाधन भित्रिएका छन् भने कूल एक लाख ५६ हजार ७ सय ८६ जना यात्रुहरू काठमाडौं भित्रिएका प्रहरी उपरीक्षक सुवेदीले बताए।

उनका अनुसार यो तथ्यांक थानकोट, साँगा, दक्षिणकाली र बालाजु नाकाबाट गन्तव्यस्थलतर्फ गएका र भित्रिएका यात्रुरूको हो।

# 'ट्राभल एड्भाइजरी' खुकुलो बनाइदिन दूतावासहरूलाई बोर्डको आग्रह




**काठमाडौं/मस-** नेपाल पर्यटन बोर्डले नेपाल भ्रमणका लागि जारी गरिएका विभिन्न देशका यात्रा सल्लाह (ट्राभल एड्भाइजरी) खुकुलो बनाइदिन आग्रह गरेको छ। दशैंको अवसरमा काठमाडौंमा आयोजित 'मिट एन्ड ग्रिट विथ डिप्लोम्याटिक कोर्स' कार्यक्रममा बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपाल हाल सामान्य अवस्थामा फर्किएको र पर्यटक भ्रमणका लागि पूर्ण सुरक्षित रहेको सन्देश दिए।

यसअघि गत भदौ २४ र २५ गते भएको 'जेनजी' आन्दोलनपछि दूतावासहरूले आफ्नो देशका यात्रुलाई नेपाल भ्रमणबारे सचेत रहन भन्दै 'ट्राभल एड्भाइजरी' जारी गरेका थिए।

विश्व पर्यटन दिवसको पूर्वसन्ध्यामा आयोजित कार्यक्रममा १५ भन्दा बढी देशका राजदूत तथा प्रतिनिधि र नेपाल सरकारका उच्चपदस्थ प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

हालैको जेनजी आन्दोलनले सिर्जना गरेको अस्थिरताबाट पर्यटन उद्योगमा देखिएको संकट छिट्टै सामान्य अवस्थामा आइसकेको उल्लेख गर्दै सिइओ जोशीले भने,'राजनीतिक स्थायित्व, सुरक्षा, सहज यातायात, स्वास्थ्य सेवाको पहुँचजस्ता पक्षमा नेपाल पूर्ण रूपमा सामान्य भइसकेको छ। गत भदौ २४ र २५ गतेको अस्थिरतापछि स्थिति नियन्त्रणमा लिइएको र नयाँ सरकार गठन भइसकेको अवस्थामा राजनीतिक स्थायित्वमा कुनै समस्या नरहेको, सुरक्षा निकाय र पर्यटक प्रहरीहरू पुनः सामान्य सेवामा फर्किसकेका छन्। साथै, सडक, विमानस्थल र यातायात संरचना तत्काल सञ्चालनमा आएका छन्भने अस्पताल र स्वास्थ्य सेवा पनि सामान्य अवस्थामा फर्किएको छ।'

उनले नेपाल संसारकै अद्वितीय प्राकृतिक र सांस्कृतिक गन्तव्य भएकाले अन्तरराष्ट्रिय समुदायमा सकारात्मक प्रभाव पार्ने गरी भूमिका खेलिदिन सबैलाई आग्रह गरे।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले नेपाल हाल पूर्ण रूपमा भ्रमणयोग्य रहेको सन्देश आफ्ना देशमा पुऱ्याउन दूतावासका प्रतिनिधिहरूलाई आग्रह गरे। उनले भने, 'नेपालको संस्कृति, सम्पदा र आतिथ्यका साथ हामी पर्यटक स्वागतको लागि तयार छौं। तपाईंहरूले आफ्ना सरकार र पर्यटकहरूमा 'नेपाल खुला र सुरक्षित छ' भन्ने सन्देश पुऱ्याइदिनुहोस्।'

कार्यक्रममा संयुक्त राज्य अमेरिका, भारत, इजिप्ट, नर्वे, कतार, मलेसिया, पाकिस्तानलगायत १५ देशका राजदूत र प्रतिनिधिहरूको सहभागिता थियो। जसमा परराष्ट्र, पर्यटन, वन तथा वातावरण मन्त्रालय, अध्यागमन विभाग र पर्यटन उद्योगीहरूको समेत सहभागिता रहेको बोर्डले जनाएको छ।

# शान्ति, सुव्यवस्था र सुरक्षा कायम राख्न गृह मन्त्रालयको अनुरोध

**काठमाडौं/मस-** गृह मन्त्रालयले समाजमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गर्ने कार्यमा सहयोग गर्न सबैलाई अनुरोध गरेको छ।

शनिबार एक विज्ञप्ति जारीगरी मन्त्रालयले आमनिर्वाचनको प्रारम्भिक कार्य सुरु भइसकेको सन्दर्भमा सभा, सम्मेलन, बैठक एवं विरोधका कार्यक्रम गर्दा शान्तिपूर्ण ढंगबाट गर्न आग्रह गरेको हो। 'नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रणलगायतका माग राखी गत भदौ २३ र २४ गते जेनजी युवाको अगुवाइमा भएको आन्दोलनपछि नयाँ सरकार गठन भई आमनिर्वाचनको प्रारम्भिक कार्य सुरु भइसकेको छ', विज्ञप्तिमा भनिएको छ, 'यस अवस्थामा सभा, सम्मेलन, बैठक एवं विरोधका कार्यक्रम सञ्चालन गर्दा अहिंसात्मक हुनेगरी शान्तिपूर्ण ढंगबाट अन्य पक्षलाई असर नपर्ने एवं उक्साहट नहुनेगरी गर्नु भई समाजमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गर्ने कार्यमा सहयोग गर्नुहुन सबैमा अनुरोध गरिन्छ।'

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**सूचना प्रकाशन मिति : २०८२/०६/१२ गते**

मिति २०८२/०६/१० गते भेरी डिभिजन वन कार्यालय पञ्चपुरीको लिलाम सहमती अनुसार जनएकता सा.व.उ.स. बराहाताल सुर्खेतको साल जातको काठ १५२ थानको १०१७.०१ क्यु फि, असना जातको काठ ७ थानको ३८.६६ क्यु फि, सल्ला जातको काठ ५४१ थान को ४७९४.२४ क्यु फि गरि जम्मा ७०० थानको ५८४९.९१ र विभिन्न जातको दाउरा १० चट्टा र शान्ति महिला सा.व.उ.स. बराहाताल-८, सुर्खेतको साल जातको काठ १२९ थानको ८३१.९९ क्यु फि, असना जातको काठ २३ थानको १६०.६१ क्यु फि, सल्ला जातको काठ १३०४ थानको ११३९७.७२ क्यु फि, टुनी जातको काठ ५ थानको ४१.५७ क्यु फि, हर्रो जातको काठ ३ थानको १३.७४ क्यु फि गरि जम्मा १४६४ थानको १२४४५.६३ र विभिन्न जातको दाउरा १८ चट्टा र भैरवस्थान सा.व.उ.स. बराहाताल-८ सुर्खेतको साल जातको काठ ४६६ थानको ३३४५.७३ क्यु फि, असना जातको काठ ६१ थानको ३८३.३८ क्यु फि, सल्ला जातको काठ १४३१ थानको १३५७५.२२ क्यु फि, जामुन जातको काठ १९ थानको ९६.७६ क्यु फि, कैन जातको काठ १३ थानको ११२.६० क्यु फि, हाँडे जातको काठ २ थानको ७.३१ क्यु फि गरि जम्मा १९९२ थानको १७५२१.३० क्यु फि काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**भेरी डिभिजन वन कार्यालय, पञ्चपुरी**

**बुढीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कुलदेवमाडौँ, बाजुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

**खुला बोलपत्र आव्हान सम्बन्धी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८२/०६/१२*

1. Budhiganga Municipality, Office of The Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the procurement of following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Budhiganga Municipality, Office of The Municipal Executive, Kuldevmandu, Bajura, phone No. 9858483993 or, email: ito.budhigangamun7@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall not be held.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid.

***Details of Works***

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) [Excluding VAT] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| BM/NCB/Goods/01/82-83 | Procurement and Transportation of Medicine in Budhiganga Municipality | 3,000.00 | 25,17,290.00 | 75,000.00 | Validity up to 120 days from the last date of bid submission | 2082/07/12 12:00 hrs | 2082/07/12 13:00 hrs |
| BM/NCB/W/01/82-83 | Baramtola Khelmaidan Nirman | 5,000.00 | - | 6,25,000.00 | | | |

***Information to deposit the cost of bidding document & Bid Security (Cash) in Bank:***

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Name of the Bank | | Siddhartha Bank Limited, Falasain Branch, Bajura | |
| Name of the Office/Account Name | | Budhiganga Municipality, Bajura | |
| Office Code No: | | 801076903 | |
| Rajaswa Account No: | 03115263439 | Dharauti Account No. | 03115110332 |
| Rajaswa (revenue) Shirshak no: | 03115263439 | | |

5. The Budhiganga Municipality, Office of the Municipal Executive, Kuldevmandu, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

***Chief Administrative Officer***

**Ramprasadrai Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Baikunthe, Bhojpur**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 2082/06/12 (28 September 2025)**

1. Ramprasadrai Rural Municipality invites bids for following Works as given in table below:

| S.N | Contract No. | Description of work | Estimated Amount Inclusive P.S. & VAT (NPR) | Bid Security Amount (NPR) | Bid/Bid security Validity Period | Cost of Bid Document (NPR) | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 02/RPRRMUN /2082/083 | Upgrading/Construction of Singhadevi Khoksik Krishi Sadak Starunnati | 1,08,44,154.30 | 3,00,000 | 90/120 days | 3,000.00 | 2082/07/11 (28 Oct 2025) 12:00 | 2082/07/11 (28 Oct 2025) 13:00 | NCB/ E-bids |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ramprasadrai Rural Municipality, Office of Rural Municipal Office, Baikunthe, Bhojpur, Phone 9852073888 and web site: ramprasadraimun.gov.np, bolpatra.gov.np. and email: ramprasadrai.rm@gmail.com
3. Bidder's Information to deposit the cost of bids document in bank:
   Name of Bank: NIC Asia Bank Ltd. , Baikunthe, Bhojpur,
   Name of Office : Ramprasadrai Rural Municipality Office, Bhojpur
   Office A/C No.(GA 1.1 - Antarik Rajashwa Khata-Ramprasadrai Gaupalika) : 2152050028990002 (For Bid Document)
   Office A/c No.(GA 3 - Dharauti Khata A/C- Ramprasadrai Gaupalika) : L5CA052570252401 (For Bid Security)
   Office Code no: 1125208
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

***Chief Administrative Officer***

# प्रदर्शनका घाइतेको उपचारका लागि 'जेनजी क्लिनिक' सञ्चालन गरिने

**काठमाडौं/मस**–सरकारले जेनजी प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिको उपचारका लागि काठमाडौं र उपत्यकाबाहिर 'जेनजी क्लिनिक' सञ्चालन गर्ने भएको छ।

प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिको पहिचान एवम् सहज र प्रभावकारी उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत अस्पताल तोकी क्लिनिक सञ्चालन गर्न लागिएको गृह मन्त्रालयले जनाएको छ।

मन्त्रालयले घाइते भएका व्यक्तिलाई तोकिएका अस्पतालमा सहजीकरण गर्न गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सम्पर्क व्यक्ति तोक्नेछ। घाइतेको वर्गीकरण गर्न उपचारमा संलग्न अस्पतालको विषयविज्ञ चिकित्सकको संयोजकत्वमा



कार्यदल गठन गरी सम्बन्धित अस्पतालमार्फत कार्य प्रारम्भ गरिने मन्त्रालयद्वारा शनिबार जारी विज्ञप्तिमा उल्लेख छ।

घाइतेको पहिचान एवम् सहज र प्रभावकारी उपचार व्यवस्थाका लागि यही असोज १२ गतेदेखि गृह मन्त्रालयमा सहायता कक्ष स्थापना गरी घाइतेलाई परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाइएको छ। यस्तै, घाइतेको उपचारमा स्वास्थ्य मन्त्रालयले सहजीकरण गर्ने जनाइएको छ।

पुनः जाँच (फलो-अप)मा जानुपर्ने घाइतेलाई आवतजावतका लागि स्वास्थ्य मन्त्रालय र सम्बन्धित अस्पतालले एम्बुलेन्स तोक्ने र सोको सम्पर्क नम्बर सार्वजनिक गर्ने तयारी भइरहेको छ। त्यसरी तोकिएका एम्बुलेन्समार्फत घाइतेले परिचयपत्रका आधारमा निःशुल्क अस्पताल आवतजावत गर्न सक्नेछन्। गत भदौ २३ र २४ गते धेरै जना घाइते भएका थिए। घाइतेमध्ये अझै केहीको विभिन्न अस्पतालमा उपचार जारी छ।

# मुस्लिम युवालाई सुशासन र सार्वजनिक प्रशासन प्रशिक्षण

**इसत्याक अहमद/मध्यान्ह**
विराटनगर, ११ असोज



नेपालमा सम्भवतः पहिलोपटक मुस्लिम युवालाई लक्षित गर्दै सुशासन र सार्वजनिक प्रशासनबारे विशेष प्रशिक्षण दिइएको छ।

नेपाल मुस्लिम युथ कमिटी, विराटनगरको आयोजना एवम् संगम पार्टी प्यालेसमा शनिबार सञ्चालन गरिएको उक्त कार्यक्रममा मुस्लिम युवालाई राजनीति, राज्य शासन, नीति निर्माण र सार्वजनिक सेवामा अवसरबारे मार्गदर्शन दिइएको थियो।

कार्यक्रमका प्रमुख प्रशिक्षक, पूर्वमन्त्री तथा संविधानसभा सदस्य मोहम्मद जाकिर हुसैनले मुस्लिम युवालाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय हुन आह्वान गर्दै भने, 'नेपालको निर्माणमा मुस्लिम समुदायको योगदान ऐतिहासिक रूपमा रहँदै आएको छ। अब नयाँ पुस्ताले सुशासनलाई व्यवहारमा उतार्दै राजनीति र सार्वजनिक प्रशासनमा उच्च सहभागिता जनाउन आवश्यक छ।'

उनले विगतमा मुस्लिम समुदायले राष्ट्र निर्माण, सैन्य, प्रशासन, कानून, वास्तुकला, संगीत, भाषा-साहित्य र क्रान्तिहरुमा महत्वपूर्ण योगदान दिएको स्मरण गराउँदै वर्तमान पुस्तामा शिक्षा, क्षमता र इच्छाशक्तिको अभाव र मनोबल घटेको विचार व्यक्त गरे।

सार्वजनिक प्रशासनका विषयविज्ञ सत्तार अन्सारीले प्रतिस्पर्धात्मक सेवामार्फत राज्य संरचनामा सहभागिता बढाउनुपर्ने आवश्यकतालाई औँल्याउँदै भने, 'प्रणालीलाई टाढाबाट मात्र आलोचना गरेर हुँदैन, प्रणालीभित्र प्रवेश गरेर परिवर्तन सम्भव हुन्छ। मुस्लिम युवाले तयारी र लगनशीलताबाट सार्वजनिक प्रशासनमा स्थान बनाउन सक्छन्।'

उनले सार्वजनिक प्रशासनमा मुस्लिम समुदायको न्यून सहभागिता सम्बन्धी तथ्यांक प्रस्तुत गर्दै भावी सुधारका लागि कानुनी र संवैधानिक आधारमा प्रकाश पारे।

नेपाल सरकारको हालै नियुक्त शाखा अधिकृत रानी खातुनले आफ्नो अनुभव बाँड्दै भनिन्,'सरकारी सेवामा प्रवेश चुनौतीपूर्ण अवश्य छ, तर निरन्तर अध्ययन र दृढ संकल्पले असम्भव छैन। मुस्लिम युवाले आत्मविश्वासका साथ तयारी गरेमा प्रतिस्पर्धात्मक परीक्षामा सफल भइ सेवामा प्रवेश गर्न सक्छन्। स्थायी सरकारमा मुस्लिम सहभागिता बिना समुदायको उत्थान सम्भव छैन।'

कार्यक्रमका समीक्षक माजिद अन्सारीले यस पहललाई ऐतिहासिक कदमको रूपमा चित्रण गर्दै भने, 'यस किसिमको पहलले युवामा आत्मविश्वास जागृत गर्ने मात्र होइन, भविष्यमा नीति निर्माण तहमा मुस्लिम आवाजलाई सशक्त बनाउने आधार तयार गर्नेछ।'

नेपाल मुस्लिम युथ कमिटीका अध्यक्ष निसार अहमदको अध्यक्षता तथा एमाम हैदरको सञ्चालनमा सम्पन्न कार्यक्रममा मोरङ, झापा र सिरहाका युवासहित स्थानीय युवा, विद्यार्थी, समाजसेवी, बौद्धिक वर्ग र सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। पूर्वमन्त्री हुसैनले यस्ता प्रशिक्षण कार्यक्रमलाई आगामी दिनमा अन्य प्रदेशमा पनि विस्तार गर्ने योजना रहेको बताए।

# सामाजिक सुरक्षाभत्ता वितरण शिविरबाट ५ सय ८२ लाभान्वित



**खोटाङ/मस**–साकेला गाउँपालिकाले दशैं, तिहार, नेपाल सम्वत् तथा छठपर्वको अवसर पारेर आयोजना गरेको सामाजिक सुरक्षाभत्ता वितरण शिविरमा ५ सय ८२ जना लाभग्राहीले सेवा लिएका छन्।

ज्येष्ठ नागरिक तथा अशक्त र अपांगता भएका लाभग्राहीको गाउँमै पुगेर सेवा दिने उद्देश्यले आयोजना गरिएको शिविरमा एक करोड एक लाख ६३ हजार बराबरको सामाजिक सुरक्षाभत्ता वितरण गरेको हो।

गाउँपालिकाले प्रत्येक वडामा घुम्ती शिविर सञ्चालन गरेर सामाजिक सुरक्षाभत्ता वितरण गरेको गाउँपालिकाको सामाजिक सुरक्षा शाखाका संयोजक डिएम चाम्लिङ राईले जानकारी दिए।

गाउँपालिकाले चाडपर्वको पूर्वसन्ध्यामा गाउँमै शिविर आयोजना गरेर सामाजिक सुरक्षाभत्ता वितरण गरेपछि लाभग्राहीसमेत हर्षित भएका छन्।

साकेला गाउँपालिका-१ बाँझेच्यानडाँडाका १ सय ७८ जनालाई ३८ लाख २१ हजार, वडा नं २ रतन्छाका १ सय २३ जनालाई १८ लाख ५८ हजार, वडा नं ३ खिदिमाका ८८ जनालाई १३ लाख ३७ हजार वितरण गरिएको छ। यस्तै, साकेला गाउँपालिका-४ मात्तिमका ७९ जनालाई १२ लाख ५९ हजार र साकेला गाउँपालिका-५ मात्तिमविर्ताका १ सय १४ जना लाभग्राहीलाई १८ लाख ८८ हजार वितरण गरिएको हो। कतिपयले बैंकको मानेभञ्ज्याङ शाखाबाट समेत सामाजिक सुरक्षा भत्ता बुझिरहेका छन्। गाउँपालिकाले नेपाल एसबिआई बैंकको साकेला शाखासँगको सहकार्यमा सामाजिक सुरक्षाभत्ता वितरण गरेको हो।

शिविरस्थलमा उपस्थित भएर भत्ता बुझ्न नसक्ने लाभग्राहीले नेपाल एसबिआई बैंकको देशभरका जुनसुकै शाखाबाट पनि भत्ता लिन सक्ने गाउँपालिकाले जनाएको छ। बैंकिङ प्रणालीमार्फत त्रैमासिक रुपमा वितरण गर्नुपर्ने सामासकिज सरक्षाभत्तालाई गाउँपालिकाले पहिलादेखि नै वडा-वडा पुगेर वितरण गर्दै आएको छ।

भौगोलिक विकटता र शारीरिक अशक्तताका कारण बैंकसम्म पुगेर भत्ता लिन शारीरिक कष्ट र दुःख हुने भएकाले घर पायकमा शिविर राखेर भत्ता वितरण गरिएको गाउँपालिका प्रमुख रविप्रकाश राईले बताए।

दश स्थानीय तह रहेको जिल्लामा साकेला गाउँपालिकाले सबैभन्दा पहिले लाभग्राहीलाई बैंकिङ प्रणालीमार्फत सामाजिक सुरक्षाभत्ता वितरण सुरु गरेको हो।

कर्मचारीमार्फत वितरण गर्दा ठूलो मात्रामा आर्थिक अनियमितता भएको पाएपछि त्यसलाई रोक्न बैंकिङ प्रणाली लागू गरिएको गाउँपालिकाले जनाएको छ। जिल्लाको सबैभन्दा सानो स्थानीय तह (पाँचवटा वडा रहेको) यो गाउँपालिकामा मृत्यु भइसकेका व्यक्ति, अन्यत्र बसाइँ सरिसकेका, नक्कली लाभग्राही खडा गरेर, अर्कै वडाको व्यक्तिको नाम राखेर, एकै जनाको एकभन्दा बढी नाम देखाएर सामाजिक सुरक्षा भत्ता दुरुपयोग गरेको छानबिनका क्रममा फेला परेको थियो।

# झुला भाँचिएर फसेका ५६ जनाको उद्धार




**जनकपुर/मस**–जनकपुरमा सञ्चालित दशमी मेलामा झुला भाँचिएर फसेको ५६ जनालाई नेपाली सेनाले उद्धार गरेको छ। शुक्रबार राति माता राजदेवी मन्दिरको प्रांग्रणमा लगाइएको सो मेलामा घुम्ने क्रममा झुला भाँचिएको थियो।

नेपाली सेनाको अगुवाइमा सुरक्षा निकायका अन्य अंगहरुको समेत प्रयासमा फसेका सबैको सकुशल उद्धार गरेको हो। विजयादशमीमा महावीर युवा युवा कमिटी, श्रीराम युवा कमिटीसहितको व्यवस्थापनमा जनकपुरधामको सो क्षेत्रमा मेला लाग्ने गरेको छ।

नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरीको संयुक्त टोलिले विभिन्न निकायबाट आएका जेसिबी तथा क्रेनको सहायताले फसेका सबै व्यक्तिहरुको सकुशल उद्धार गरिएको यहाँस्थित नेपाली सेनाले जनाएको छ।


## Ramdhuni Municipality
## Office of Municipal Executive
**Jhumka , Sunsari**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 2082/06/12**

1. Ramdhuni Municipality, Office of the Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the construction of works as specified below under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Ramdhuni Municipality,office of the Municipal Executive or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S. N | Contract No. | Description of Work | Estimated Amount (With VAT & PS) NRs | Bid Security Amount NRs | Price of Bid Document NRS |
|---|---|---|---|---|---|
| 1. | RMY/NCB/ 03/082/083 | Pipraha dekhi khane Pani bato ( dewan khadka ) kalopatre kramagat , Purwa singya tol bato kalopatre | 48,91,183.93/- | 1,23,000/- | 3000/- |
| 2. | RMYNCB/ 04/082/083 | Patthardewa Rampura Jodne Sadak Kalopatre,Nabaraj khadka (sano)ko ghar agadiko bato star unnati,Kedar Dahalko Khet dekhi Dakshin Krishna Katuwalko Ghar samma jane bato kalopatre | 78,25,373.62/- | 1,96,000/- | |
| 3. | RMY/NCB/ 05/082/083 | Sunsari Jilla Indreni Tol Dekhi Bayarban Tol Samma Jane Bato Ramdhuni Na Pa-5, Bishnu Poudel ko Ghar Dekhi Uttar tarf Batoma Kalopatre | 34,02,607.75/- | 85,500/- | |
| 4. | RMY/NCB/ 06/082/083 | Sisuwa dekhi jamuwa jane bato kalopatre wada no 6 / Binod rajdhami ko ghar dekhi shankarbeli jane bato kalopatre | 68,48,051.73/- | 1,72,000/- | |
| 5. | RMY/NCB/ 07/082/083 | Kajra khola dekhi manisundar tarfa janye bato kalopatre Ramdhuni 7 | 48,91,327.17/- | 1,25,000/- | |
| 6. | RMY/NCB/ 08/082/083 | Regmi tole Raghunathpur kalopatre Ramdhuni 8 / Tin Kunay Poudel chowk sadak kalopatre wada 8 | 1,07,60,226.43/- | 2,75,000/- | |
| 7. | RMY/NCB/ 09/082/083 | Ramdhuni wada 8 Rewati khadka ko ghar dekhi paschim hariharpur khoriya janay sadak starunnati karya | 68,48,160.01 | 1,75,000/- | |
| 8. | RMY/NCB/ 10/082/083 | Marcheya kadam chowk purwa nanda kumar ko ghar hudai musahari jane bato kalopatre/Sitpur pokhari dhekhi raghunathapur jodney bato kalopatre nirman | 87,06,351,06/- | 2,18,000/- | |

3. Information to deposit the cost of Bidding Document in Bank
   Name of the Bank: NIC Asia Bank, Jhumka — Name of Office: Ramdhuni Municipality
   Office Code no. : 801011406 — Office Account no.: 0892050027908002
   Rajaswa (revenue) Shirshak no. : GA-1.1 AANTARIK RAJASWA KHATA-RAMDHUNI NAGARPALIKA
4. Pre-bid meeting shall be held at Ramdhuni Municipality, Office of the Municipal Executive at 11:00 AM, on 2082/06/31
5. Only Electronic bids should be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2082/07/11 . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 2082/07/11, 1:00 noon at the office of Ramdhuni Municipality, Office of the Municipal Executive. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting as specified above which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# ‘आ बाट आमा’को छायांकन सम्पन्न



**काठमाडौं/मस-** निर्देशक चन्द्र पन्तको निर्देशनमा बनेको नयाँ नेपाली फिल्म ‘आ बाट आमा’ ले २५ दिनमै सम्पूर्ण छायांकन सकेको छ। सुरुवाती योजना अनुसार ३० दिनको समयावधि तोकिए पनि कलाकार र प्राविधिकको संयुक्त मिहिनेतका कारण छायांकन अपेक्षाभन्दा ५ दिन अगावै पूरा भएको निर्देशक पन्तले जानकारी दिए।

शुक्रबार राजधानी काठमाडौंमा खिचिएको अन्तिम दृश्यसँगै फिल्मको छायांकन औपचारिक रूपमा टुंगिएको हो। अब फिल्मले दशैंपछि पोस्ट-प्रोडक्सनको चरणमा प्रवेश गर्ने निर्देशकको भनाइ छ।

‘आ बाट आमा’कै प्रमुख पात्र अभिनेता पल शाह फेरि पनि निर्देशक पन्तकै अर्को फिल्ममा देखिने भएका छन्। छायांकन सम्पन्न भएको दिनकै साँझ दुबै पक्षबीच लिखित सम्झौता भइसकेको छ। नयाँ फिल्मको नाम भने अझै सार्वजनिक भएको छैन।

निर्देशक पन्तका अनुसार पल शाहको लगनशीलता, मिहिनेत र अभिनयप्रतिको समर्पणले आफूलाई पुनः सहकार्य गर्न उत्साहित बनाएको हो।

चितवन र काठमाडौंका विभिन्न स्थानमा खिचिएको यस फिल्ममा पल शाह, प्रदीप रावत, विपना थापा, गजित बिष्ट, साइग्रेस पोखरेल, सिम्रन पन्त, उषा उप्रेती लगायतका कलाकारले अभिनय गरेका छन्।

फिल्ममा विपना र थापाले आमा-बुबाको भूमिका निर्वाह गरेका छन् भने भारतीय अभिनेता प्रदीप रावतले ‘गजनी’पछि नेपाली फिल्ममा दोहोऱ्याएको उपस्थितिलाई विशेष आकर्षणको रूपमा लिइएको छ।

फिल्म ‘आ बाट आमा’को कथा आमा र सन्तानबीचको भावनात्मक सम्बन्ध वरिपरि घुम्नेछ। पारिवारिक माया, स्नेह र त्यागलाई मूल विषय बनाएर तयार गरिएको यस चलचित्रमा नवराज उप्रेती छायांकन निर्देशकका रूपमा छन् भने कोशिश क्षेत्री, बाबुल गिरी र थानेश्वर गौतम ले संगीत भरेका छन्।

आर्या इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको यस फिल्मको प्रदर्शन अधिकार छायांकन पूरा नहुँदै नै अस्ट्रेलिया र न्युजिल्याण्डमा बिक्री भइसकेको छ। यसले फिल्मप्रतिको बजार अपेक्षा उच्च रहेको संकेत गरेको छ। नायक पल शाहले फिल्मप्रति उच्च विश्वास व्यक्त गर्दै भने, ‘मलाई विश्वास छ, दर्शकले ‘आ बाट आमा’लाई आफ्नै जीवनसँग जोडेर हेर्नेछन्। यसले मलाई अझ उत्कृष्ट सिर्जनामा अघि बढ्न प्रेरणा दिनेछ।’

निर्देशक पन्तले भने निकट भविष्यमै नयाँ फिल्मको अन्य कलाकार र टिमबारे जानकारी सार्वजनिक गर्ने योजना रहेको बताए।

# ‘यसपालि दशैंमा’ सार्वजनिक




**काठमाडौं/मस-** पछिल्ला समय पर्व विशेष गीतहरू बजारमा आइरहेका छन्। यसैक्रममा यसअघि धेरै गीतहरूको निर्देशन, छायांकन र दशैंको मौलिक गीत ‘दुबोझैं जीवन मौलावस’ जस्ता गीतका सर्जक साजन पराजुलीले दशैं विशेष गीतको सम्पादन गरेका छन्। गायक ईश्वर सापकोटा, नारायणबाबु पौडेल, शरण थामी तथा गायिकाहरू चन्द्रावती नेपाली र रमिता कार्कीको स्वरमा रहेको दशैंको नयाँ गीत ‘यसपालि दशैंमा’ बजारमा आएको छ।

ईश्वर सापकोटा र चन्द्रावती नेपालीको शब्द रहेको गीतमा दिपकसागर तिवारीको लय रहेको छ। गीतको एरेन्ज सुफिक्स मदन, स्टुडियो एरिका डिजिटल र मिस्सिङ गोविन्द सोनीको रहेको छ। गीतको छायाँकन, सम्पादन र निर्देशन साजन पराजुलीले गरेका छन्। गीतको अडियो/भिडियो सापकोटा डिजिटल, पोष्ट प्रोडक्सन पूर्णिमा क्रियशनको रहेको छ।

गीतको भिडियोमा मुस्कान घिमिरे, कुमार वि.क, रामसुन्दर थामी र माया न्यौपानले अभिनय गरेका छन्। गीतमा आमाको परदेशीहरू दशैंमा घर आउँदै गर्दा खुशीको सीमा नहुने प्रसंगलाई अति मार्मिक ढंगले उतारिएको छ।

# गायक बज्राचार्यको ‘एई ! एउटा कुरा सुनन’ सार्वजनिक




**काठमाडौं/मस-** चर्चित गायक आनन्दराज बज्राचार्यको स्वरमा सजिएको नयाँ गीत ‘एई ! एउटा कुरा सुनन’ सार्वजनिक भएको छ। गीतमा शब्द राजेन्द्र अधिकारी ‘अपुर्ण’ले लेखेका छन् भने संगीत संयोजन सचिन सिंहले गरेका छन्। उक्त गीत सिबा इन्टरटेन्मेन्टको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो। भिडियोमा बद्रीप्रसाद तिवारी र संगीता खातीको मोडलिङ देख्न सकिन्छ। गीतको छायांकन हेमजास्थित सुइंखेत रिभर भ्याली रिसोर्टमा गरिएको हो।

गीतमा वाद्यवादनतर्फ मादलमा पोसन र गिटारमा सन्जिव सुब्बाले साथ दिएका छन्। रेकर्डिङमा राजाबाबु चौधरी, मिक्सिङ तथा मास्टरिङमा चन्द्र चौधरीको योगदान छ। भोकल रेकर्डिङ बार डिजिटल स्टुडियोमा बुद्धराज बज्राचार्यको निगरानीमा सम्पन्न भएको हो भने मुख्य रेकर्डिङ कार्य काठमाडौंको स्टुडियो अकोस्टिक नेपालमा गरिएको हो।

भिजुअल सम्पादन तथा निर्देशन नेत्र गुरुङले गरेका छन् भने पोस्ट-प्रोडक्सन नेत्र इन्टरटेन्मेन्टमार्फत गरिएको हो। छायांकनमा मिलन शंकरले सिनेमाटोग्राफी, अमृत देवकोटाले लाइट हेड, मेकअपमा राजकुमार गुरुङ र पब्लिसिटी डिजाइनमासविन गायक (स्वोपु क्रिएसन)ले उल्लेखनीय भूमिका निभाएका छन्।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
क्षेत्रपाटी शाखा, काठमाडौं महानगरपालिका,
सम्पर्क फोन: +९७७-०१-५३६२१९६

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री रत्न वीर सिंह तुलाधरको नाति, दान वीर सिंह तुलाधरको छोरा, बागमती प्रदेश काठमाण्डौं जिल्ला, काठमाण्डौं नगरपालिका वडा नं. २५ बस्ने ६५ वर्षको श्री नरेन्द्र वीर सिंह तुलाधरको मिति २०८२/०३/२३ (ई.सं. ०७/०७/२०२५) मा मृत्यु भएकोले स्व. नरेन्द्र वीर सिंह तुलाधरकी पत्नी हाल काठमाण्डौं जिल्ला, काठमाण्डौं नगरपालिका वडा नं.२५ बस्ने श्रीमती मैया देवी स्थापितले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको क्षेत्रपाटी शाखा, काठमाडौं महानगरपालिकाामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

28 Years of Excellence

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

## वैदेशिक रोजगारसम्बन्धी सूचना

विभिन्न मुलुकहरूमा वैदेशिक रोजगारीका नाममा बढ्दै गइरहेको ठगी सम्बन्धमा आमसञ्चारका माध्यमबाट प्रचार प्रसार भएका कुराहरुप्रति नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार विभागको गम्भीर ध्यानाकर्षण भएको छ। ठगी नियन्त्रण गरी वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित गराउन नेपाल सरकारले अधिकतम प्रयासमा सबै सरोकारवालाहरुको उत्तिकै सक्रियता आवश्यक हुन्छ।

**वैदेशिक रोजगारीमा जाने सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू**

१. सुरक्षित वैदेशिक रोजगारका लागि नेपाल सरकारबाट श्रम स्वीकृति लिई जान लागेको देश, काम र पारिश्रमिकका बारेमा पूर्ण जानकारी लिऔं।
२. कसैको लहैलहैमा नलागी आधिकारीक संस्थामार्फत तोकिएको सेवा शुल्क संस्थाको बैंक खाता मात्र बुझाई नेपालको विमानस्थल प्रयोग गरी मात्र जाऔं।
३. श्रम स्वीकृति प्राप्त नगरी हवाई टिकट नलिऔं, कम्पनीबाट आतेजाते टिकटको प्रबन्ध भएको सन्दर्भमा समयमा नै श्रम स्वीकृति लिऔं।
४. कुनै पनि इजाजत प्राप्त संस्थाले वैदेशिक रोजगारका लागि पूर्व स्वीकृति लिए/नलिएको जानकारी वैदेशिक रोजगार विभागको www.dofe.gov.np मार्फत एकिन गरौं।
५. नेपाल सरकारले तोकेभन्दा बढी रकम माग गरेमा वैदेशिक रोजगार विभाग वा सम्बन्धित निकायहरूमा खबर गरौं।
६. श्रम स्वीकृतको जानकारी प्राप्त गर्नका साथै उल्लेखित विवरण हवाई अड्डामा पेश गर्न सजिलो का लागि श्रम स्वीकृतिको फारम भर्दा इमेल ठेगाना वा फोन नं. आफ्नै प्रयोग गरौं।
७. वैदेशिक रोजगारको सम्बन्धमा आवश्यक सूचना, जानकारी, गुनासो र उजुरीका लागि श्रमाधान कल सेन्टरमार्फत वा प्रत्यक्ष श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वा मन्त्रालय अन्तर्गतका निकायहरुमा सम्पर्क गरौं।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग**
**ताहाचल, काठमाडौं।**

**Government of Nepal (GoN)**
**Ministry of Health and Population**

# National Tuberculosis Control Centre (NTCC)

**Thimi, Bhaktapur, Nepal**

## Invitation for Electronic Bids

**Date of first publication: 28th September, 2025**

**Invitation for Bids No: 07, The Procurement of LPA XDR Consumables**

1. The **Government of Nepal, Ministry of Health and Population, National Tuberculosis Control Center** invites ***electronic*** bids from eligible bidders for the procurement of LPA XDR Consumables under **National Competitive Bidding– Single Stage, One Envelope.** ***Procedures specified in public procurement act and regulations.***
2. The bidder may submit the bid for single slice as mentioned below and offer discount. The name of Item and slice with bid security amount are as follows:

| Contract Identification Number | Slice No. | Name of Items | Quantity | Unit | Bid Security Amount in NRs | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| IFB No.: 07: NTCC/G/NCB/01/2082-83(The procurement of LPA XDR Consumables) | 1. | Xpert MTB/XDR Cartridge | 2900 | Pcs. | Rs. 2,60,000 | Rs. 3,000 |
| | | **Total** | | | Rs. 2,60,000 | Rs. 3,000 |
| | 2. | Genotype MTB DR plus | 4 | Kits | Rs. 63,270 | Rs. 3,000 |
| | | Genotype MTBDR sl | 3 | Kits | | |
